अनुसूची–२

(दफा ४ तथा अनुसूची–१ को भाग–१ सँग सम्बन्धित)

## अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड–७ संख्या–१ मितिः २०८२/०१/०४

भाग–२

अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) नीति, २०८१

आज्ञाले,

अरबिन्द कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१

## तथा

## कार्यान्वयनको पाच वर्षे विस्तृत कार्ययोजना

### आ.व. २०८१/०८२ - २०८५/०८६


**अग्नीसाईर कृष्णासवरण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सितापुर, सप्तरी

मधेश प्रदेश, नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१

तथा

# कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना

## २०८१/८२ - २०८५/८६




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection Systen: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

# अग्नीसाइर कृष्णासवरण गाउँपालिका

## सितापुर, सप्तरी

### मधेश प्रदेश, नेपाल

## बिषयसूची


### परिच्छेद- १

पृष्ठभूमि

१.१ अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको संक्षिप्त परिचय १
१.२ कानूनी व्यवस्था २
- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु २
- महिला अधिकारसम्बन्धी १२ वटा सवालहरु ३
- जाकार्टा सिद्धान्त ३
- दिगो विकास लक्ष्य ३
- मानव अधिकारको सिद्धान्तहरु ३

१.३ राष्ट्रिय कानूनी व्यवस्था ४
- नेपालको संविधान, २०७२ ४
- अन्य कानूनी व्यवस्थाहरु
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ४
- सोह्रौ पञ्चवर्षीय योजना ५
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- लैससासमा मधेश प्रदेशको अवस्था र प्रयास ५

१.४ लैससाससम्बन्धी रिक्तता, समस्या, चुनौती तथा अवसरहरु ७
१.५ गाउँपालिकामा कार्यरत सरोकारवालाहरुको नक्सांकन
१.६ लैससास नीतिको आवश्यकता तथा महत्व: ८
१.७ आधारभूत सिद्धान्तहरु ९

### परिच्छेद- २

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

२.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१ ११
२.२ दीर्घकालीन सोच ११
२.३ दीर्घकालीन लक्ष्य ११
२.४ उद्देश्यहरु ११
२.५ संक्षिप्त नाम र परिभाषा ११

### परिच्छेद- ३

नीति तथा रणनीतिहरु

३.१ नीतिहरु १५

३.२ नीति तथा रणनीति १५

## परिच्छेद- ४

## संस्थागत संरचना

४.१ पालिका, वडा तथा समुदायस्तर संरचना १८
४.२ लैससास नीति अनुगमन तथा मूल्यांकन पालिकास्तरीय समिति १८
४.३ वडास्तरीय अनुगमन तथा मूल्यांकन उपसमिति १९
४.४ अनुगमन तथा मूल्यांकन समितिका भूमिका १९
४.५ पालिका तथा वडास्तरिय लैससास शाखाको स्थापना काम, कर्तव्य र अधिकार १९
४.६ पालिकास्तरिय लैससास शाखाको स्थापना काम, कर्तव्य र अधिकार
४.७ वडा स्तरिय लैससास उपशाखा काम, कर्तब्य र अधिकार २०
४.८ शाखा तथा समितिको वैठक २१
४.९ समन्वय तथा सहकार्य २१

## परिच्छेद- ५

## नीतिको कार्यान्वयन, पुनरावलोकन तथा सुधार

५.१ नीतिको कार्यान्वयन २२
५.२ पुनरावलोकन तथा सुधार २२
५.३ वजेट व्यवस्थापन २२
५.४ मानवीय स्रोत २२
५.५ खारेजी तथा बचाउ २३

## परिच्छेद- ६

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको पाँच वर्षे विस्तृत
कार्ययोजना २०८१/८२ - २०८५/८६ २७
६.१ कार्ययोजनाको उद्देश्य २७
६.२ कार्ययोजनाको औचित्यता २७
६.३ कार्ययोजना तयारी विधी तथा प्रक्रिया २८
६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८१/८२ - २०८५/८६ २९

# परिच्छेद- १

## पृष्ठभूमि

### १.१ अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको संक्षिप्त परिचय

अग्नीसाइर कृष्णासवरण गाउँपालिका मधेश प्रदेश अन्तर्गत सप्तरी जिल्लामा अवस्थित एक गाउँपालिका हो । यो गाउँपालिका विगतका प्रसवनि, सितापुर, हरिहरपुर र वकधुवालगायतका गाविसहरु मिली निर्माण भएको छ । हाल गाउँपालिकाको सीमानाहरु पूर्वमा कन्चनरुप, पश्चिममा रुपनी, दक्षिणमा राजविराज र महादेव, उत्तरमा उदयपुर रहेको छ । पूर्व पश्चिम राजमार्ग अन्तर्गत चुरे पहाड छुने यस पालिका पूर्ण रूपले तराई भूभागमा अवस्थित छ । धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा परिचित यस गाउँपालिकाको नाम देवस्थलको नामबाट राखिएको हो । दुइवटा शक्तिपीठ सरह मन्दिरको आ-आफ्नै विशेषता र इतिहास रहेको छ । जातीय जनसंख्याको बसोबासको आधारमा यस क्षेत्रमा थारु, यादव , मुसलमान, साह वनिया खत्वे मण्डल, धानुक, राम, पासवान, डोमलगायत विभिन्न जातजातिसँगै पहाडि समुदायको पनि बसोवास रहेको छ । जम्मा ६ वटा वडासम्म भएको यस पालिकामा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार यस गाउँपालिकाको कुल जनसंख्या ३१,६३४ छ भने घरधुरी ६५८१ देखिन्छ । कुल जनसंख्या ३१,६३४ मध्ये पुरुषको संख्याभन्दा महिलाको जनसंख्या ३ प्रतिशतले बढी अर्थात पुरुष ४८.७ प्रतिशत छन् भने महिला ५१.१ प्रतिशत रहेको छ । कुल जनसंख्यामध्ये अपाङ्गता भएका नागरिकहरुको संख्या १.६ प्रतिशत छ जसमध्ये १.३ प्रतिशत महिला र २ प्रतिशतको हाराहारीमा पुरुष छन् । यस पालिकामा साक्षरता ६९ प्रतिशतको हाराहारीमा छ जसमा पुरुष ७८ प्रतिशत र महिला ६१ प्रतिशत देखिन्छ । जन्मदर्ताको सम्बन्धमा हाल पनि यो पालिका धेरै पछाडि परेको देखिन्छ अझ पनि २४ प्रतिशत नागरिकहरुको जन्म दर्ता नभएको अवस्था छ । बालविवाह अर्थात १४ देखि २० वर्षमुनिका बालबालिकाहरुको विवाह अहिले पनि उच्च रहेको छ । यस **अग्नीसाइर कृष्णासवरण गाउँपालिका** सञ्चालन गर्ने क्रममा यस पालिकाले कानून, नीति नियम, कार्यविधि तथा मापदण्डसमेत गरी हालसम्म ६ वटा ऐन, कानून तथा निर्देशिका निर्माण गरी लागु गरेको अवस्था छ ।

यस पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ को मस्यौदा वनाएको भए तापनि पास गरेको अवस्था छैन भने एकल महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको सशक्तिकरण तथा क्षमता विकासको लागि कुनै नीति निर्देशिकाहरु बनाएको देखिँदैन । तर यस पालिका, MCDC र Habitat for Humanity को संयुक्त सहयोग र सहकार्यमा एकीकृत मुसहर बस्ती निर्माण भएको । लैङ्गिक हिंसा नियन्त्रणको सम्बन्धमा यस पालिकाबाट पालिकास्तरीय तथा वडास्तरीय लैङ्गिक तथा घरेलु हिंसासम्बन्धी कार्यक्रममा एकल, दलित तथा पिछडिएका वर्गलाई समेटेर कार्यक्रम संचालन गर्दै आएका छन् । किशोरीहरुको लागि विद्यालयमा महिनावारी सचेतना तथा प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएका छन् भने विद्यालयमा महिनावारी प्याड पनि वितरण गरेका छन् । आमा सुरक्षा कार्यक्रम अन्तर्गत पौष्टिक आहारसम्बन्धी कार्यक्रम, प्रजनन उमेरका महिलाहरुको लागि VIA कार्यक्रम सञ्चालन गर्नुका साथै बर्थिङ्ग सेन्टरको पनि यस पालिकामा स्थापना गरेको छ भने समुदाय तहमा ४४ वटा आमा समूह र ४४ जना नै महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट सेवा प्रदान गर्दै आएका छन् । यस पालिकामा सुरक्षित आवास गृह

सञ्चालनसम्बन्धी कार्यविधि समेत पारित भएको छ भने सेफ हाउससमेत सञ्चालन निर्देशिका तयार गरी सञ्चालनमा रहेको छ । यस पालिकामा संयुक्त राष्ट्रसंघीय निकायहरु (यु.एन.एफ.पि.ए., आइ.एल.ओ., यु.एन.वमन र युनिसेफ) को आर्थिक सहयोगमा सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम समेत सञ्चालनमा रहेको छ। महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा दलितलगायत पछाडि पारिएका लक्षित वर्गको सशक्तिकरण तथा अधिकार संरक्षणका लागि आयमूलक, सिपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । त्यसैगरी लैङ्गिक हिंसा पीडितलाई सहयोग गर्नका लागि लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरेका छन् जसलाई यस पालिकाको सवल पक्षको रुपमा लिन सकिन्छ।

## १.२ कानूनी व्यवस्था

**मानव अधिकारको अन्तर्राष्ट्रिय दस्तावेजहरु**

अविभेद र समानता अन्तर्राष्ट्रिय मानव अधिकारका आधारभूत सिद्धान्त हुन् भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आधारभूत सर्त हुन् । नेपाल मानव अधिकारसम्बन्धी २४ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भई मानव अधिकारको संरक्षण, लैङ्गिक समानता, समावेशिता, लैङ्गिक हिंसा निवारण र बाल विवाह उन्मूलनको सम्बन्धमा पक्षराष्ट्रको हैसियतले प्रतिवद्धताहरू व्यक्त गरेको छ । लैङ्गिक असमानतालाई नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने र राज्यको कानूनी दायित्वको रुपमा मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकतालाई महसुस गरी मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले लैङ्गिक समानता तथा समावेशीकरणलाई मानव अधिकारको पूर्वसर्तको रुपमा प्रत्याभूत गरेको पाइन्छ। मानव अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय रुपमा पारित विभिन्न दस्तावेज स्वभावले नै सबैलाई बराबर रुपमा लागु हुने व्यवस्था हुन् । तर पनि अधिकारको प्रयोग, उपभोग एवं दावीको क्रममा लामो समयदेखि वञ्चितीकरणमा रहेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा विभिन्न कारणले पछाडि पारेका नागरिकहरुले उपभोग गर्नसकेका छैनन् । मानव अधिकारसँग सम्बन्धित अधिकांश दस्तावेजहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैङ्गिक समानता तथा समावेशीकरणका अधिकारसँग अन्योन्यास्रित सम्बन्ध भए तापनि विशेष गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९; बाल अधिकारसम्बन्धी महसन्धि, १९८९; द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९३; अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं १३२५ संयुक्त राष्ट्रसंघ महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८, अन्तर्राष्ट्रिय जनसंख्या तथा विकास सम्मेलन कार्ययोजना, १९९४ का साथै अन्तर्राष्ट्रिय श्रम संगठनले जारी गरेका हिंसा र दुर्व्यवहारसम्बन्धी महासन्धि १९२० (नं. १९०), रोजगारमा महिला र पुरुषको समान अवसर र उपचारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको प्रस्ताव, १९८५, आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ (नं १६९) र निकृष्ट प्रकारको बालश्रम विरुद्ध महसन्धि, १९९९ (नं १८२) प्रमुख हुन् । साथै महिलाको प्रजनन स्वास्थ्य अधिकारको संरक्षणको सम्बन्धमा सन् १९९४ मा कायरोमा भएको जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) र यसको कार्यान्वयनलाई विशेष रुपमा

लिन सकिन्छ । यस सम्मेलनले महिलाहरूको प्रजनन् स्वास्थ्यसम्बन्धी अधिकार महिला मानव अधिकारको रुपमा स्थापित गरेको छ ।

नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।[1]

**महिला अधिकारसम्बन्धी १२ वटा सवालहरु** : सन् १९९५ मा चौथौ अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट पारित भएका १२ वटामध्ये लैङ्गिक समानता पनि प्रमुख सवालको रुपमा राज्यले सम्बोधन गर्नुपर्ने विषय हो । सो सम्मेलनले महिलाको आर्थिक, सामाजिक, राजनैतिक अधिकारका साथै लैङ्गिक समानता कायम गर्ने, महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र सशक्त सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिला, महिला र सञ्चार, महिला र वातावरणजस्ता सवाललाई समानता समावेशिता र विकासको लागि स्थानीयकरण गर्न राज्यले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

**दिगो विकास लक्ष्य** : संयुक्त राष्ट्रसघंको साधारणसभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका नागरिकहरु, बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै, दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । लैङ्गिक समानतालाई व्यावहारिक रुपमा कायम राख्ने क्रममा दिगो विकास लक्ष्य नं ४ र ५ लाई यस सवालसँग प्रत्यक्ष रुपमा जोडिएर हेर्न सकिन्छ । लक्ष्य ४ मा उल्लिखित समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र लक्ष्य नं. ५ मा लैङ्गिक समानता कायम गर्ने सम्बन्धी लक्ष्यहरु वढी सान्दर्भिक देखिन्छ । दिगो विकास लक्ष्यले केवल वञ्चितीकरणमा परेकाहरूको समावेशी गर्न मात्र नभई समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उत्तिकै जोड दिएको छ । संयुक्त राष्ट्रसंघीय संकल्प ७०/१ 'हाम्रो विश्वको रूपान्तरण: दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नतालगायत सबै खालका गरिबीको उन्मूलन र 'कोही पनि पछाडि नछुटून् (Leave No One Behind) भन्ने सिद्धान्तसहित विश्व समुदायमा समानता र समावेशिताद्वारा दिगो विकासलाई प्राथमिकता दिएको छ । चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ । यसलाई स्थानीयकरण गर्ने र आफ्ना योजना तथा बजेटले सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ ।

**जाकार्टा सिद्धान्त** : यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा सन् २००६ मा घोषणा गरेको जकार्टा सिद्धान्तलाई प्रमुख रुपमा लिन सकिन्छ । त्यो पछि लैङ्गिक समानता भनेको महिला र पुरुषमा मात्र सीमित रहनु हुन्न भन्ने पक्षलाई संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदबाट विभिन्न समयमा पास गरेका प्रस्तावनाहरुले यौनिकताको आधारमा यी समुदायहरुमाथि भैरहेको हिंसा, भेदभाव, लाञ्छना तथा वञ्चितीकरणलाई निषेध गर्नुपर्ने कुरा पास गरेको छ । फलस्वरुप नेपालले पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको आधारमा भेदभाव गर्न नहुने कुरा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ ।

[1] नेपालको संविधान, २०७२ को धारा ५१ (ख) (२) ।

## मानव अधिकारका सिद्धान्तहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकारको महत्वपूर्ण पक्ष हो । कुनै पनि व्यक्तिलाई जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, क्षेत्र, आस्था, शारीरिक अवस्था, आर्थिक अवस्था, स्वास्थ्य स्थिति, वैवाहित अवस्था आदिका आधारमा भेदभाव गर्न नहुने र राज्यले सबैलाई समान व्यवहार गर्नुपर्ने ने मानव अधिकारको प्रमुख पक्ष हो । लैङ्गिक समानता तथा समावेशीकरण समाजमा लैङ्गिक तथा सामाजिक अवस्थामा भएका व्याप्त भेदभाव तथा हिंसालाई सम्बोधन गर्नका लागि मानव अधिकारको कार्यान्वयनको क्रममा आएको शैद्धान्तिक तथा व्यावहारिक रुपमा स्वीकरोक्ति विषय हा । माथि उल्लेखित मानव अधिकारसम्बन्धी हरेक दस्तावेजहरुले हरेक व्यक्तिको मानव अधिकारको सम्मान गर्नुपर्ने कुरा विवाद रहित रुपमा स्वीकारेका छन् । मानव अधिकारको **सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व राज्यसँग रहन्छ, किनकि उसँग शक्ति, सत्ता र वैधताका साथै मानव अधिकारसम्बन्धी नेपाल पक्ष भएको अन्तरराष्ट्रिय दस्तावेजहरु कार्यान्वयन गर्ने दायित्व पनि छ** । मानव अधिकार कुनै पनि आधारमा भेदभाव नहुने भएको हुनाले यो **सार्वभौम, अभिवाज्य, अभिच्छेद, विश्वव्यापकता, अहरणिय, अन्तरनिर्भर, समान र अविभेद एवं विवाद** रहित हुन्छ । त्यसैले मानव अधिकारको उपभोगमा लैङ्गिक तथा सामाजिक कारणले भेदभाव गर्न नहुने कुरानै मानव अधिकारको प्रमुख सैद्धान्तिक पक्ष हो ।

## १.३ राष्ट्रिय कानूनी व्यवस्था

नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी दस्तावेजहरुहरुले प्रत्याभूत गरेका लैङ्गिक समानता तथा समावेशिताको अधिकारलाई कानुनी तथा व्यावहारिक रुपमा सुनिश्चित गर्न गराउन नेपाल सरकारले संविधानलगायत अन्य धेरै कानुनी व्यवस्थाहरु गरेका छन् ।

**नेपालको संविधान २०७२:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास नेपालको संविधानले संघीय राज्य व्यवस्थापनको आधारभूत सर्त तथा मान्यताको रुपमा अंगीकार गरेको छ । सामाजिक न्यायको लागि यो अपरिहार्य विषय पनि हो । वि.सं. २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ । संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ । समावेशीमूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र विभिन्न कारणले पछाडि पारिएका तथा परिएका समुदायलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र सहभागितामूलक सिद्धान्तलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले संविधानले समानुपातिक सहभागितालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा २१ ले अपराध पीडितको हक, धारा ३८ ले महिलाको हक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० ले दलितको हक, धारा ४१ ले जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक जस्ता धेरै नागरिक, राजनीतिक, सामाजिक आर्थिक सांस्कृतिक हकहरु मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । त्यसैगरी धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति अपनाउनु पर्ने जिम्मेवारी राज्यलाई दिएको छ भने धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि राज्यका

तीनै तहका सरकार संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले लैङ्गिक समानता तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ ।

**अन्य कानूनी व्यवस्थाहरु :**

लैङ्गिक समानता र समावेशीकरणसम्बन्धी राष्टिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई आन्तरिकिकरण गर्ने क्रममा नेपाल सरकारले संविधान बाहेक धेरै कानूनहरुमा समावेश गरेको छ भने व्यावहारिक रुपमा यसकालाई कार्यान्वयन गर्ने कोसिस गरेको छ । जस्तै महिला माथि हुने महिला विरुद्ध हुने विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसालाई न्यूनीकरण गर्न मुलुकी अपराध संहिता २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी (कसुर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४; मुलुकी देवानी सहिंता, २०७४ लागु गरिएको छ भने यसैगरी अपराध पीडित संरक्षण ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६७, बालबालिकासम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागु भएका छन् बोक्सी आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२; सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ आदिलाई प्रमुख कानूनी व्यवस्थाको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैङ्गिक समानता तथा समावेशीकरणलाई वहुपक्षीय दृष्टिकोणले अध्ययन गर्दा अपाङ्गतासम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, युवाको हकहितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि राष्ट्रिय यूवा परिषद ऐन २०७२, २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्यसहितको बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, बिपद जोखिम न्यूनीकरण राष्ट्रिय कार्य योजना २०१८-२०३० लाई पनि प्रमुख रुपमा लिन सकिन्छ भने सार्वजनिक क्षेत्रमा महिला तथा लक्षित समुदायको सहभागिताको लागि गरिएको निजामति सेवा ऐनदेखि विभिन्न सेवा ऐनहरुलाई पनि लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धमा सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

यसका अतिरिक्त मानव बेचबिखन विशेष गरी बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, वैदेशिक रोजगारसंग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मनोसामाजिक परामर्श निर्देशिका, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९, आदि प्रमुख प्रयासको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैङ्गिक समानता र समावेशीकरण नीतिलाई कार्यान्वयन गर्न लैङ्गिक उत्तरदायी बजेट, कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलित आयोग, मधेशी आयोग, मुस्लिम आयोगले व्यवस्था गरेको छ ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

यस ऐनमा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ । यसका अलावा नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्थागरिएको छ । खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदी वडा समितिको काम, कर्तव्य र अधिकार रहेका छन् । योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्न भनिएको छ । महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नुपर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसीमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) नगरपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेछ भनि उल्लेख गरेको छ ।

## राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

राज्यका तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक वजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री वनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको आवश्यकतालाई महसुस गरी नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरेको छ । यस नीतिले सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने दीर्घकालीन सोच रहेको छ । लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ ।

## सोह्रौ पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/२०८६)

लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाजको प्रवर्धनका लागि छुट्टै योजनागत व्यवस्था गरेको छ । लैङ्गिक समानता तथा सशक्तिकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने कुरा रुपान्तरित रणनीतिको उल्लेख गरेको छ । लक्षितवर्ग समुदायलाई विशेष सरंक्षण गर्ने तथा उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने, हिंसा पीडितको उद्धार, राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरण प्रभावकारी वनाउने र न्याय प्रणालीलाई सुधार गर्ने साथै अपाङ्गतामैत्री जीवनको लागि सहजीकरण गर्ने लगायतका धेरै नीतिगत योजनाहरु लिएका छन् ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४:** लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ । यसका अलवा नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्थागरिएको छ । खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि वडा समितिको काम, कर्तव्य र अधिकार रहेका

छन् । योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चत गर्न भनिएको छ । महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नुपर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसीमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) नगरपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने छ भनि उल्लेख गरेको छ ।

**लैससासमा मधेश प्रदेशको अवस्था र प्रयास** : राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६,११४,६०० रहेको छ जसमा पुरुषको जनसंख्या ३,४३,३५० र महिलाको जनसंख्या २,९७,७७२ (५० प्रतिशत) रहेको छ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको कुल संख्या ९१६४७ रहेकोमा ५६.८ प्रतिशत पुरुष र ४३.२ प्रतिशत महिला रहको उल्लेख गरेको छ । यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । जसमध्ये महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र रहेका छन् । ५३ प्रतिशत महिलाहरु २० बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन् । सन् २०२१ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदन हाल ०.४१ स्तरमा छ जुन नेपालको राष्ट्रिय औसत ०.४९० भन्दा निकै कमजोर अवस्था छ र लैङ्गिक समानता सूचांकअनुसार नेपालका अन्य प्रदेशहरूका तुलनामा मुख्यत शिक्षा, स्वास्थ्य, र आयस्रोतका क्षेत्रमा पछाडि परेको देखिन्छ भने लैङ्गिक असमानताका हिसाबले मधेश प्रदेशले तुलनात्मक रूपमा धेरै चुनौती सामना गरिरहेको देखिन्छ । यसमा महिला सशक्तिकरण, शिक्षा, र स्वास्थ्य सेवा पहुँचको अभाव मुख्य कारण हुन् । विद्यालय बाहिर रहेका र विद्यालय छाड्ने बालबालिकाको संख्या उच्च हुनु पनि यस प्रदेशको प्रमुख चुनौती रहेको छ । त्यसैगरी लैङ्गिक समानताका दृष्टिले पनि मधेश प्रदेशको स्थिति चुनौतीपूर्ण छ । साक्षरता दर, विद्यालय शिक्षामा पहुँच र महिलाहरूको रोजगारमा सहभागिता जस्ता सूचकहरू राष्ट्रिय औसतभन्दा तल छन् । मधेश प्रदेशमा अहिले पनी मातृ मृत्युदर प्रति एक लाखमा १४० रहेको छ । ४० प्रतिशतले किशोरावस्थामा गर्भधारण गर्ने गरेको छ ।[2] आर्थिक गरिबी दर २७.७ % छ भने बहुआयामिक गरिबी दर झन् उच्च ४७.९ प्रतिशत छ जसले महिलाको स्वास्थ्य, शिक्षा, र आधारभूत आवश्यकताहरूमा व्यापक अभाव रहेको संकेत गर्दछ।

उक्त तथ्यांकअनुसार मधेश प्रदेशका महिलाहरू घरायसी कार्य र पारिश्रमिक बिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ । सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ । प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ भने महिलाको शिक्षामा न्यून पहुँच रहेको अवस्था छ ।

संविधानद्वारा निर्देशित लैङ्गिक समानताका तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्ने क्रममा मधेश प्रदेश सरकारले धेरै प्रयास गरेको देखिन्छ । प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९, बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना (२०७८/०७९-२०८८/२०८९), बाल

[2] NDHS Survey, 2022

संरक्षण तथा सशक्तिकरण ऐन, २०८१, दलित सशक्तिकरण ऐन २०७६,[३] प्रदेश बालअधिकारसम्बन्धी ऐन २०७७, बालमैत्री स्थानीय सुशासन कार्यान्वयन निर्देशिका, २०७८, जारी गरेको छ । त्यसै गरि मधेश प्रदेशको सरकारले विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबिचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्यमन्त्रीको संयोजकत्वमा बेटी पढाऊ, बेटी बचाऊ अभियान, छोरी शैक्षिक बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ । प्रदेश प्रहरीसहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षणसहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ । प्रदेशको **प्रथम आवधिक योजना आ.व. २०७६/७७ – २०८०/८१**[४] तथा यस आर्थिक वर्षमा पास भएको दोस्रो आवधिक योजना आ.व. २०८१/८२ – २०८५/८६ जस्ता प्रयासलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ । **"आत्मनिर्भर र समृद्ध मधेश सुखी मधेशी"** दिर्घकालीन सोच सहित पास भएको यस दोस्रो आवधिक योजनाले लैङ्गिक समानता सम्बन्धी नीतिगत, कानूनी र संस्थागत प्रवन्धको सुदृढीकरण गर्ने, लैङ्गिक समानता सम्बन्धी कार्ययोजना तर्जूमा गरी कार्यन्वयन गरिने, लैङ्गिक उत्तरदायी वजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थनीय तहसम्म संस्थागत गरिने, महिला सशक्तीकरण सम्बन्धमा महिला हिंसा विरुद्ध कार्यक्रम चलाउने, लैङ्गिक उत्तरदायि शासन पद्धति अवलम्बन गरिने, दाईजो विना विवाह गर्ने परिवारलाई सम्मान गरिने, आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने, महिला उद्यमशीलता विकास गर्ने, दलित एवं विपन्न महिलाहरुका लागि शिक्षा, व्यवसायिक तालिम र प्रजनन स्वास्थ्य सेवा निशुल्क र सुलभ हुने व्यवस्था मिलाईने, बालन्याय प्रणालीलाई सुदृद गरिने, बालमैत्री शासन प्रणाली प्रवर्धन गरिने, सीमान्तकृत तथा पिछडिएका समुदायका आधारभूत आवश्यकताहरु पूरा गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण गर्ने र उनीहरुप्रतिको सामाजिक धारणा परिवर्तन गर्ने जस्ता योजनाहरु लैङ्गिक समानता तथा समावेशीकरणको सम्बन्धमा दोस्रो आवधिक योजनाको प्रमुख योजनाको रुपमा लिन सकिन्छ ।

साथै प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९लाई लैससासको क्षेत्रमा प्रदेशस्तरिय नीतिगत प्रयासको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ । यस नीतिको उद्देश्य लैङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने, सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने, सबै वञ्चितीकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने, आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चितता गर्ने, वञ्चितीकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने साथै वञ्चितीकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिँसाको अन्त्य गर्ने जस्ता धेरै व्यवस्थाहरु गरेको छ ।

## १.४ लैससाससम्बन्धी रिक्तता, समस्या, चुनौती तथा अवसरहरु

लैससास सामाजिक विकास तथा समृद्धिका लागि नभई नहुने आधारभूत विषय हुन् । जवसम्म समाजमा रहेका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत विभिन्न कारणले पछाडि पारिएका समुदाय तथा वर्गको सशक्तिकरण तथा विकासमा समान सहभागिता हुँदैन तबसम्म विकासले पूर्णता पाउन सक्दैन भन्ने कुरा यस गाउँपालिकाले महसुस गरी लक्षित वर्गको विकासका लागि धेरै

[३] ऐनले नि:शुल्क शिक्षा, रासन कार्डको व्यवस्था, सशक्तिकरणका कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ ।

[४] यो योजनाले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखी विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको छ ।

कार्यक्रमहरु गर्दै आएको भए तापनि हालसम्म यस पालिकामा लैससास नीति वनाई लागु गरेको अवस्था छैन । अझ पनि यस पालिकामा लैससाससम्बन्धी देहायनुसारका समस्याहरु विद्यमान छन् ।

| रिक्तता | समस्याहरु |
|---|---|
| • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति नभएको<br>• अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सामाजिक तथा शैक्षिक रुपमा सशक्तिकरण कार्यक्रमहरु सञ्चालन नभएको र अपाङ्गता भएका व्यक्तिहरुका लागि उनीहरुको फरक क्षमतानुसार सिप विकास तथा रोजगारीको अवसरसम्बन्धी कुनै नीति तथा कार्यक्रमहरु नभएको ।<br>• महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक सशक्तिकरणका लागि निरन्तर कार्यक्रम तथा वजेट व्यवस्थापनसम्बन्धी दीर्घकालीन योजना नभएको ।<br>• दिगो विकास लक्ष्य कार्यान्वयनका लागि पालिकाको स्थानीय तहमा कुनै योजना नभएको ।<br>• लैङ्गिक तथा महिला हिंसा उन्मूलनसम्बन्धी कुनै दीर्घकालीन योजना नभएको । | • महिला विरुद्धका घरेलु हिंसा, बालविवाह, छुवाछुत तथा जातिगतका साथै लैङ्गिकताको आधारमा भेदभावमूलक व्यवहारहरुसम्बन्धी समस्या ।<br>• महिला दलित तथा विभिन्न कारणले पछाडि पारिएका व्यक्तिहरुको अर्थपूर्ण नेतृत्व हुन नसकेको ।<br>• वैदेशिक रोजगारका कारण घरमा अभिभावकविहीन भएर बालबालिकाहरुको विचलि भएको, बालिकाहरुको विद्यालय निरन्तर हुन नसकेको ।<br>• किशोर तथा युवाहरुमा मदिरा सेवन, लागु औषध दुर्व्यसनसम्बन्धी समस्या देखिएको । |
| **चुनौती** | **अवसर** |
| • पालिकाभित्र सार्वजनिक स्थान तथा कार्यालयहरुमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री संरचना तथा शौचालयहरु नभएको ।<br>• लैङ्गिक तथा सामाजिक खण्डीकृत तथ्यांक नभएको ।<br>• कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाहरुलाई आफूले निर्माण गरेका कानून कार्यविधिहरुका वारेमा अभिमुखीकरण हुन नसकेको ।<br>• पालिकाबाट सञ्चालित विभिन्न कार्यक्रमहरुमा लैससासलाई एकीकृत गर्न नसक्नु ।<br>• कृषि तथा स्थानीय उत्पादनलाई स्वरोजगारीको अवसरको रुपमा विकास गर्न नसक्नु ।<br>• पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परीक्षण नभएको । | • कार्यपालिका पदाधिकारी सबैले लैङ्गिक समानता हुनुपर्दछ भन्ने स्वीकारोक्ति भएको<br>• महिलाका ५० प्रतिशत सहभागी गराउने प्रतिवद्ध भएको ।<br>• सामाजिक, आर्थिक राजनैतिक क्षेत्रहरुमा महिलाहरुलाई सहभागी गराउने अवसर पाउनु पर्छ भन्ने मान्यता भएको ।<br>• स्रोत व्यवस्थापनको लागि प्रतिवद्ध भएको<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीति बनाउन प्रतिवद्ध भएको ।<br>• लक्षितवर्ग केन्द्रित कार्यक्रम तथा वजेट भएको<br>• हिंसा पीडितको लागि सेफ हाउन सञ्चालन निर्देशिका भएको । |

## १.५ गाउँपालिकामा कार्यरत सरोकारवालाहरुको नक्सांकन

यस गाउँपालिकामा लैससास, महिला तथा बालबालिकाको हक अधिकार तथा लैङ्गिक हिंसा विरुद्धका क्षेत्रमा काम गर्ने र यस विषयमा प्रत्यक्ष सरोकार राख्ने नगरपालिकाभित्रका विभिन्न महाशाखा तथा शाखाहरु, विभिन्न सरकारी निकायहरू, विकास साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरूका साथै सामुदायिक संस्थाहरुलाई सरोकारवालाको रूपमा लिएको छ । यस विस्तृत कार्ययोजना तयार गर्ने क्रममा यस गाउँपालिका क्षेत्रमा कार्यरत सरोकारवालहरुसँग गरिएको छलफलअनुसार देहायका विषयमा देहायका संस्थाहरु कार्यरत रहेको छ ।

- सशक्त महिला समृद्ध नेपाल कार्यक्रम (EPWN)[5]
- मातृ तथा बाल स्वास्थ्य कार्यक्रम
- प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम
- शैक्षिक समानता र शैक्षिक समाबेशि कार्यक्रम
- लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम
- बालिका अधिकारको संरक्षण र प्रबर्धन कार्यक्रम
- सामुदायिक मनोसामाजिक सहयोग परियोजना
- सकारात्मक लैङ्गिक मापदण्डहरुको प्रबर्धन, लैङ्गिक हिंसा रोकथाम र सेवाहरुमा बढदो पँहुच कार्यक्रम
- सम्बन्ध सुदृढीकरण कार्यक्रम ।

| लैससाससँग प्रत्यक्ष सम्बन्ध राख्ने सरोकारवालाहरु | विषयगत क्षेत्र/कार्यक्रम/गतिविधिहरू तथा दातृ निकाय | कार्य क्षेत्र (वडा) | बिस्तृत कार्य योजनासँग सहकार्यका लागि सम्भावित क्षेत्रहरू |
|---|---|---|---|
| आसमान नेपाल | सशक्त महिला समृद्ध नेपाल कार्यक्रम UNFPA, UN Women, ILO, UNICEF को सहयोगमा<br>• विद्यालय र समुदायमा रुपान्तरण कार्यक्रम<br>• महिला संरक्षण तथा आश्रय कार्यक्रम<br>• आर्थिक सशक्तिकरण कार्यक्रम । | १,२,३,४ | • लैङ्गिक समानता तथा महिला सशक्तिकरण,<br>• महिला तथा किशोरी संरक्षण,<br>• विद्यालय र समुदायमा स्तरमा सचेतना,<br>• महिलाको आर्थिक सशक्तिकरण । |
| | मातृ तथा बाल स्वास्थ्य कार्यक्रम WFP को सहयोगमा | पुरै १-६ वडामा | मातृ तथा बाल स्वास्थ्य/प्रजनन स्वास्थ्य संरक्षण । |
| | प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम USAID को सहयोगमा | १-६ | गुणस्तरीय प्राथमिक शिक्षा । |
| | शैक्षिक समानता र शैक्षिक समाबेशी कार्यक्रम USAID को सहयोगमा | १-६ | समाबेशि शिक्षा । |
| ओरेक | लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम, UN Women मार्फत EU र Government of Finland को सहयोगमा | १-६ | • स्थानिय प्रतिनिधि तथा सरकारी अधिकारीको क्षमता अभिबृद्धि,<br>• लैङ्गिक बजेट,<br>• लैङ्गिक अवस्थाको सर्भेक्षण । |
| लाईफ नेपाल | बालिका अधिकारको संरक्षण र प्रबर्धन कार्यक्रम | | बालिका संरक्षण । |
| टि.पि. ओ नेपाल (TPO-Nepal[6]) | सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत सामुदायिक मनोसामाजिक सहयोग परियोजना | ५ र ६ | • लैङ्गिक हिंसा न्यूनीकरण, |

[5] Empowered Women and Prosperous Nepal

| | | | |
|---|---|---|---|
| | ♦ मनोसामाजिक सहयोग<br>♦ लैङ्गिक हिंसाका केश तथा survivors रेफर<br>♦ न्यायिक समिति र महिला सेलको केश व्यबस्थापन । | | ● मानसिक स्वास्थ्य र survivors को रेफर,<br>● न्यायिक समिति र महिला सेल सुदृढिकरण । |
| नेपाल प्रजनन स्याहार केन्द्र (NFCC[7]) | सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत सकारात्मक लैङ्गिक मापदण्डहरुको प्रबर्धन, लैङ्गिक हिंसा रोकथाम र सेवाहरुमा बढदो पँहुच कार्यक्रम<br>♦ लैङ्गिक हिंसा तथा हिंसाका केश पहिचान तथा रेफर । | ५ र ६ | लैङ्गिक हिंसा न्यूनीकरण । |
| सि. एम सि. (CMC[8]) नेपाल | सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत<br>♦ मनोसामाजिक स्वास्थ्य परामर्श सेवा<br>♦ WASH परियोजना<br>♦ सुरक्षित आश्रय कार्यक्रम<br>♦ पिउने पानी र सरसफाई । | १,२,३,४ | ● मनोसामाजिक स्वास्थ्य,<br>● आधारभूत सेवा तथा अधिकारमा पहुँच । |
| नेपाल ट्रेड यूनियन महासंघ (GEFONT) | सम्बन्ध सुदृढीकरण कार्यक्रम, आई.एल.ओ.मार्फत USAID को सहयोगमा<br>● कृषक महिलाहरुको हक अधिकारको वारेमा शसक्तिकरण । | १-६ | ● लैससासमुखी कृषि,<br>● महिला कृषक सशक्तिकरण । |

## १.६ लैससास नीतिको आवश्यकता तथा महत्वः

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै प्रभावकारी रुपमा सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको छ भने योजना बनाउँदा लैससास .सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको कुरा उल्लेख गरेको छ । **ऐनको** दफा ११ मा उल्लेख गरिएबमोजिम **गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार** अन्तर्गत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा रहेको बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ । त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका आधार कारणसहित पालिकामा लैससास नीतिको आवश्यकता रहेको छ ।

- लामो समयदेखि विकास तथा नेतृत्वको मूलधारबाट वञ्चितीकरणमा रहेका महिला, दलित, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत

[6] Transcultural Psychosocial Organization Nepal (TPO-Nepal), there no other projects of TPO in Madhesh Province
[7] Nepal Fertility Care Center
[8] Center for Mental Health & Counsellig –Nepal

समुदायका साथै अन्य विभिन्न कारणले पछाडि पारिएका समुदायलाई विकासमा मूलप्रवाहीकरण गरी सामाजिक न्यायसहितको दिगो विकास गर्न ।

- लैङ्गिक समानता तथा सामाजिक न्याय र समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गरी दिगो विकास गर्न ।
- श्रोत, साधन र निर्णय ठिक समयमा, ठिक तरिकाबाट, ठिक कार्यक्रम ठिक समुदायका लागि सञ्चालन गर्न ।
- पालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणाममा समेत लैससास मैत्री बनाउन ।
- लैससासको अवधारणा अनुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबै समुदायको समान प्रतिनिधित्व सुनिश्चित गर्न ।
- गाउँपालिकाको योजना तथा स्रोत साधनको वितरणमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन।
- पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न ।
- परिवार तथा सार्वजनिक कार्यालयहरुमा रहेको लैङ्गिक भेदभावपूर्ण संस्थागत संरचनाहरु लैङ्गिकमैत्री वनाउन ।
- समाजमा विद्यमान लैङ्गिक, जातीय, क्षेत्रीय, भाषिक, तथा सामाजिक, आर्थिक र अन्य विभेदहरुको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न र समाजको विविधतालाई संरक्षण गर्न ।

## १.७ लैससाससम्बन्धी आधारभूत सिद्धान्तहरु

देहायका सिद्धान्तका आधारमा यस लैससास नीति निर्माण गरिएको छ :

(क) **अविभेद (Non-discrimination)** : यो नीतिको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) **सारभूत समानता** : यो नीतिले लैससासका लागि सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई अंगीकार गर्दछ ।

(ग) **समता** : यस रणनीतिले असमान व्यक्तिहरूबिच समता कायम गर्न असमान व्यवहार तथा सकारात्मक भेदभाव गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(घ) **कोही पछाडि नछुटून्** : यो नीति दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटून् भन्ने अवधारणामा आधारित छ ।

(ङ) **कसैलाइ हानि नपुऱ्याउने** : यो नीतिले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(च) **शून्य सहनशीलता** : यो नीतिले लैङ्गिक शोषण, विभेद र हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गीकार गरेको छ ।

(छ) **अर्थपूर्ण सहभागिता (Meaningful participation)** : यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरु (महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत) को अर्थपूर्ण सहभागितालाई महत्व दिइने छ ।

(ज) **साझेदारिता र सहकार्य (Partnership and collaboration)** : यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय, साझेदारिता र सहकार्यलाई महत्व दिनेछ ।

(झ) **सकारात्मक सोच** : यो नीति सकारात्मक सोच लिई परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

(ञ) **बालबालिकाको सर्बोत्तम हित (Best interest of children)** : यो नीतिले लैङ्गिक हिंसाको सम्बोधन गर्ने सवालहरुमा बालबालिकाको सर्वोत्तम हित र भलाईलाई सर्वोपरी राखिनेछ ।

(ट) **सारभूत समानता (Substantive equality)** : यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानतालाई आत्मसात गर्नेछ ।

(ठ) **गोपनीयताको अधिकार (Rights to Privacy)** : यो हिंसाबाट प्रभावित व्यक्तिहरुको व्यक्तिगत गोपनीयताको अधिकारलाई पूर्ण ध्यान दिने छ ।

(ड) **पुरुष तथा किशोरहरुको संलग्नता (Men and boys engagement)** : यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा किशोरहरुको संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्नेछ ।

(ढ) **पीडित प्रभावितको संरक्षण (Protection of the victimsn/survivors)** : यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउन पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राख्नेछ ।

(ण) **न्यायमा पहुँच (Access to Justice)** : यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुका लागि न्यायमा पहुँचको सिद्धान्तलाई अंगीकार गर्नेछ ।

## परिच्छेद- २

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

**२.१ अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१**

नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु तथा नेपालको संविधान र लैंङ्गिक समानतासम्बन्धी राष्ट्रिय नीति अनुरुप समानता तथा समविकासको लागि महिला, पुरुष, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक र अन्य विभिन्न कारणले पछाडि पारिएका समुदायहरुबिच कानूनी तथा व्यावहारिक रुपमा समानता कायम गरी उनीहरु विरुद्ध हुने गरेका भेदभाव, हिंसा, शोषण तथा बञ्चितीकरणको अन्त्य गरी समावेशी, सम्मानित तथा न्यायपूर्ण समाजको निर्माण गर्ने उद्देश्यसहित यस **अग्नीसाइर कृष्णासवरण गाउँपालिकाले "अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१**" जारी गरिएको छ ।

**२.२ दीर्घकालीन सोचः**

लैङ्गिक समतामूलक, समावेशी, समुन्नत र न्यायपूर्ण समाजसहितको अग्नीसाइर कृष्णासवरण गाउँपालिका

**२.३ दीर्घकालीन लक्ष्यः**

पालिकाको श्रोत, साधन, अवसर, निर्णय, विकासका कार्य तथा सेवाहरूमा लैंङ्गिक तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका र जोखिममा रहेका नागरिकहरूको पहुँच अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने ।

**२.४ उद्देश्यहरुः**

क) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज तथा संविधानको पूर्वसर्तको रुपमा रहेको लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गरी लैंङ्गिक सुशासन कायम गर्ने ।

ख) महिला तथा लक्षित समुदाय विरुद्धका विभेद, हिंसा तथा हानिकारक प्रथा परम्परा र अम्यास उन्मूलन गरी सामाजिक न्यायसहितको गाउँपालिका स्थापना गर्ने ।

**२.५ परिभाषा** : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा

पालिकाः भन्नाले अग्नीसाइर कृष्णासवरण गाउँपालिकालाई जनाउने छ

नीतिः **भन्नाले "अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति, २०८१"**

| | |
|---|---|
| | लाई जनाउँदछ । |
| लिङ्गः | "लिङ्ग" भन्नाले जन्मदाकै अवस्थाम जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्गी भनि थाहा पाउने प्राकृतिक पहिचान |
| लैङ्गिकताः | लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ । |
| लैङ्गिक तथा यौनिक अल्पसंख्यक : | भन्नाले जन्मका आधारमा लिङ्ग पहिचानभन्दा फरक पहिचान भएको लैङ्गिक भूमिकाहरु परम्परागत रुपमा पारिभाषित मान्यताभन्दा फरक हुने समूहलाई जनाउँदछ । |
| अन्तरविविधता (Intersectionality): | कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरी दमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, सामाजिक पहिचान एवं दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत भएका व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ । |
| लैङ्गिक खण्डीकरण तथ्यांकः | लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक) संख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्यांकहरु संकलन गर्ने तथा व्यवस्थित गर्ने । |
| बहुविभेद (Multiple discrimination): | लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुझान वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव । |
| लैङ्गिक समानताः | महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर । |
| लैङ्गिक मूलप्रवाहीकरणः | विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा वञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मूलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मूलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो । |
| लैङ्गिक आवश्यकताः | लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु । |
| लैङ्गिक योजनाः | लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि । |
| लैङ्गिक सम्बन्धः | महिला, पुरुष र अन्य तेस्रो लिङ्गीबिच प्रभुत्व वा अधीनस्थता जनाउने श्रेणीवद्ध शक्ति सम्बन्ध । |

| | |
|---|---|
| लैङ्गिक तालिमः | लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि । |
| लैङ्गिक हिंसाः | लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा प्रजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की । |
| लैङ्गिक अन्तर (Gender Disparity): | कानून र सामाजिक प्रचलनका आधारमा रहेका महिला, पुरुष तथा तेस्रो लिङ्गीबिचको मान्यता, महत्व, स्रोत, हैसियत र कल्याणका सम्बन्धमा रहेको फरक । |
| पितृसत्ताः | पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधीनस्थ हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मूल्य मान्यता र विश्वास । |
| पितृसत्तात्मक संरचनाः | पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था । |
| लैङ्गिक भेदभावः | लिङ्गको आधारमा अर्थात किशोर किशोरी महिला पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानूनी व्यवस्था । |
| लैङ्गिक श्रम विभाजनः | समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण । |
| लैङ्गिक तटस्थः | विद्यमान लैङ्गिक असमानतालाई निरन्तरता दिने । |
| लैङ्गिक संवेदनशीलः | विद्यमान लैङ्गिक असमानतालाई सम्वोधन गर्न आवश्यक लैङ्गिकमैत्री वाताबरण, बोलीचाली, व्यवहार, स्रोत सामग्री, नीति नियम, सेवा सुविधा, सूचना प्रवाह आदि । |
| लैङ्गिक रुपान्तरणः | महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विद्यमान लैङ्गिक भूमिका र सम्बन्धलाई पुनःपरिभाषित गर्ने । |
| लैङ्गिक उत्तरदायी बजेटः | लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट । |
| समावेशिताः | शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः | लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आथिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास तथा पहलहरु |
| वहिष्कृत समूहः | लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदाय । |
| लैङ्गिक प्रभाव विश्लेषण तथा मूल्यांकन : | महिला तथा पुरुषहरुमा फाइदाजनक प्रभाव परेको छ छैन सो को सुनिश्चित गर्न यसले नीति तथा अभ्यासहरुको विश्लेषण तथा मूल्यांकन गर्न । |

| | |
|---|---|
| लैङ्गिक तथा समावेशी संवेदनशीलः | महिला, गरिब तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्बन्ध तथा असमानतालाई सम्वोधन गर्नु । |
| लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु : | कार्यालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषयको काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |
| GESI संवेदनशील अनुगमन तथा मूल्यांकनः | लैङ्गिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै GESI संवेदनशील अनुगमन तथा मूल्यांकन । |
| महिला सशक्तिकरणः | महिला सशक्तिकरण भनेको महिलालाई आफूहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरी गलत र सही छुत्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान वनाउने प्रक्रिया । |
| सकारात्मक विभेदः | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था । |

## परिच्छेद- ३

## नीति तथा रणनीतिहरु

### ३.१ नीतिहरुः

१) अग्नीसाइर कृष्णासवरण गाउँपालिकामा लैससास नीति कार्यान्वयनका लागि आवश्यक नीति, कानून र योजनाहरु तर्जुमा तथा संशोधन गर्ने ।

२) लैससासमैत्री संस्थागत संरचनाको विकास गर्ने ।

३) लक्षित वर्गको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, संवर्धन तथा सशक्तिकरण गर्ने ।

४) नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको लागि नेतृत्व क्षमता विकास गर्ने ।

५) पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक हिंसारहित गाउँपालिका बनाउने ।

६) लैससास उत्तरदायी वजेट संस्थागत गर्ने

### ३.२ नीति तथा रणनीति

| | |
|---|---|
| **नीति १ः** | **अग्नीसाइर कृष्णासवरण गाउँपालिकामा लैससास नीति कार्यान्वयनका लागि आवश्यक नीति, कानून र योजनाहरु तर्जुमा तथा संशोधन गरिनेछ ।** |
| **रणनीति** | |
| | • यस गाउँपालिका विद्यमान नीति, कानून, मापदण्ड, कार्यविधि तथा विभिन्न क्षेत्रगत योजनाहरु लैससासमैत्री वनाउन आवश्यक संशोधन गर्ने,<br>• लैससास नीति कार्यान्वयनका लागि अन्य आवश्यक नीति तथा दीर्घकालीन (लैंङ्गिक हिंसा उन्मूलन रणनीति, बाल विवाह मुक्त रणनीति, प्रजनन स्वास्थ्य अधिकार संरक्षण कार्यानिति) योजनाहरु तर्जुमा गरी लागु गर्ने,<br>• लैससासमैत्री भौतिक संरचना (अपाङ्गतामैत्री, स्तनपानकक्ष तथा गर्भवती आराम कक्ष) निर्माण गर्न कानुन, निर्देशिका तथा मापदण्डहरु तयार गरी लागु गर्ने,<br>• यस गाउँपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैससास अवधारणाअनुरुप गुणस्तरीयता कायम गर्न आवश्यक नीति नियम तथा अनुगमन मापदण्ड वनाइ लागु गर्ने,<br>• महिला तथा लक्षित वर्गहरुको, स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि नीतिगत तथा कार्यगत प्रयासहरु गर्ने |
| **नीति २. लैससाससम्बन्धी नीतिगत तथा कार्यगत व्यवस्था गर्न संस्थागत संरचनाको स्थापना गर्ने ।** | |
| **रणनीति** | |
| | • पालिका तथा वडास्तरीय लैससास सम्बोधन संरचना वनाउने |

- लैङ्गिक हिंसा उन्मूलनको लागि पालिका, वडा तथा समुदायगत संरचनाहरु निर्माण गर्ने
- लैङ्गिकमैत्री विपद् व्यवस्थापन तथा सम्बोधन समिति वनाउने
- महिला तथा लक्षितवर्गहरुको आर्थिक सशक्तिकरणका लागि पालिकास्तरीय सञ्जाल निर्माण गर्ने
- यस गाउँपालिकामा लैससाससम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।
- बालअधिकार तथा संरक्षणका लागि नीति निर्माण तथा पालिका, वडा तथा समुदायगत संरचनाहरु निर्माण गर्ने

**नीति ३: लक्षित वर्गको मानव अधिकार संरक्षण, सम्वर्धन गरी उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य विकासको लागि सशक्तिकरण गर्ने ।**

**रणनीति**

- मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु स्थानीयकरण गर्न योजनागत कार्यक्रमहरु सञ्चालन गर्ने ।
- महिला तथा लक्षित वर्गहरुको आर्थिक सशक्तिकरणको माध्यमबाट गरिवी हटाउने
- यस गाउँपालिकाको लक्षित वर्ग तथा हिंसाबाट पीडित महिलाहरु (एकल महिला, दलित महिला, जनजाति महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला, हिंसाबाट पीडित महिला आदि) को आर्थिक सशक्तिकरण गर्न जीवन रुपान्तरण योजनाहरु निर्माण गर्ने ।
- युवा रोजगार पालिकाको सरोकार नारासहित स्थानीय स्वरोजगारको सुनिश्चित गर्ने,
- यस गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरुमा सबै लक्षित वर्गको पहुँच बृद्धि गर्ने ।
- लक्षित समुदायका बालबालिकाको शिक्षासम्मको पहुँच वृद्धिका प्रोत्साहनमूलक कार्यक्रमहरु ल्याउने
- महिला तथा लक्षित वर्गहरुको, स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि नीतिगत तथा कार्यगत प्रयासहरु गर्ने,

**नीति ४: नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताका लागि प्रोत्साहन गर्ने**

**रणनीति**

- महिला तथा लक्षितवर्गको (**दलित, अपाङ्गता भएको व्यक्ति, किशोर किशोरी, आदिवासी जनजाति, मुस्लिम, हिंसा पीडित तथा गरिव किसान**) राजीनीति तथा अन्य क्षेत्रमा नेतृत्व तथा क्षमता विकासका लागि विशेष नीति तथा कार्यक्रम तयार गर्ने ।
- निर्वाचित पदाधिकारीहरुको विषयगत नेतृत्व क्षमता विकासका लागि **एक महिला एक कार्यक्रम**को जिम्मेवारीसहितको अवधारणा कार्यान्वयन गर्ने
- महिला तथा लक्षित वर्गको अर्थपूर्ण तथा सहभागीमूलक नेतृत्वको विकास गर्ने,
- महिला नेतृत्व विकासका लागि घरायसी कार्यबोझ वाँडफाँटसम्बन्धी सहयोगी पुरुषको अवधारणालाई प्रोत्साहन गर्ने ।
- लैससासको दृष्टिकोण र व्यवहार विकास गर्ने हेतुले लैससास शिक्षालाई प्रोत्साहन गर्ने ।

| **नीतिः ५ पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक हिंसारहित गाउँपालिका बनाउनेछ ।** |
|---|
| **रणनीति** |
| • **“लैङ्गिक हिंसा मुक्त गाउँपालिका हाम्रो प्रतिवद्धता”** नारासहित लैङ्गिक हिंसा शून्य गाउँपालिका घोषणा गर्न पूर्वतयारी नीति तथा कार्यक्रमहरु सञ्चालन गर्ने<br>• **पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वास** (महिनावारी भेदभाव, गर्भपतन लाञ्छना, प्रसूति भेदभाव, जातिगत छुवाछुत, अपाङ्गताको आधारमा हुने भेदभाव तथा लाञ्छना र बोक्सीको आरोप) **विरुद्ध गाउँपालिकामा रहेका समूह, समुदाय, विद्यालय तथा परिवारलाई सचेतना फैलाउने,**<br>• लैससास नीति कार्यान्वयन तथा **लैङ्गिक** हिंसा उन्मुलनमा आवश्यक समन्वय, सहकार्य तथा सम्प्रेषण प्रभावकारीता वनाउने<br>• लैङ्गिक हिंसा प्रभावितहरुको न्यायमा पहुँचको सुनिश्चितता गर्ने |

| **नीति ६ः यस गाउँपालिकामा लैससास उत्तरदायी वजेटको आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने** |
|---|
| **रणनीति** |
| • यस गाउँपालिकामा लैङ्गिक उत्तरदायी वजेट निर्माणका लागि नीतिगत व्यवस्था गर्ने,<br>• यस गाउँपालिकाको नीति, योजना तथा बजेट तथा हरेक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा लैससासप्रति उत्तरदायी बनाउने,<br>• नीति तथा कार्ययोजना कार्यान्वयनका लागि विभिन्न संघसंस्था तथा निकायहरुसँग प्रभावकारी रुपमा सहकार्य समन्वय गर्ने र लैससासमैत्री अनुगमन तथा मूल्यांकन गर्ने<br>• नीति, योजना, बजेट तथा हरेक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको लागि लैससास उत्तरदायी वजेटको व्यवस्था गर्ने,<br>• गाउँपालिका कर्मचारी तथा मानवीय स्रोत परिचालनमा लैससास उत्तरदायी वनाउने, |

## परिच्छेद- ४

## संस्थागत संरचना

### ४.१ पालिका, वडा तथा समुदायस्तर संरचना

यस लैससास नीतिको प्रभावकारी कार्यान्वयनको प्रक्रियामा नीति तथा कार्यक्रमको अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्न, नीतिको पुनरावलोकन तथा समयसापेक्ष संशोधन गर्न देहायका संस्थागत संरचनाहरुको निर्माण गर्नेछ । यस नीति अन्तर्गत गठन गर्ने पालिका, वडा तथा समुदायस्तरका सबै संरचनाहरूमा ५० प्रतिशत महिलाको सहभागिताको सुनिश्चितता गर्नेछ ।

**गाउँपालिका स्तर**

- गाउँपालिका उपाध्यक्ष संयोजकत्वमा लैससास नीति अनुगमन तथा मूल्यांकन समिति
- लैससास सम्पर्क व्यक्तिसहित लैससास नीति कार्यान्वयन शाखा
- महिला आर्थिक रुपान्तरण संजाल

**वडा स्तर**

- वडास्तरिय अनुगमन तथा मूल्यांकन उप समिति
- वडास्तरीय लैससास उपशाखा
- अगुवा महिलाको संयोजकत्वमा वडास्तरीय लैङ्गिक हिंसा उन्मूलन समिति

**समुदाय स्तर**

- लैङ्गिक हिंसा उन्मूलन समूह
- लैङ्गिक हिंसा उन्मूलन पुरुष, युवा किशोर समूह
- महिला आर्थिक रुपान्तरण समूह
- धर्मगुरु, धामी तथा झाक्री समूह
- उर्जाशील किशोर समूह
- विद्यालय परिवार
- अपाङ्गता संस्थाहरु
- दलित, आदिवासी जनजाति, लोपन्मूख, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी संस्थाहरु
- महिला सहकारी संस्थाहरु
- उपभोक्ता समितिहरु
- नागरिक समुदायमा आधारित अन्य संस्थाहरु

### ४.२ लैससास नीति अनुगमन तथा मूल्यांकन पालिकास्तरीय समिति

यस समितिमा देहायका ७ सदस्यहरु रहने छन् ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) | कार्यपालिका सदस्यहरुमध्येबाट दलित महिला सदस्य | सह संयोजक |
| ग) | प्रमुख, योजना शाखा | सदस्य |
| घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

घ) स्थानीय गैरसरकारी संघसंस्था/नागरिक समाजमध्येवाट सदस्य (२ जनाः महिला, दलित, अपाङ्गता भएका व्यक्तिको अधिकारमा कार्यरत संस्थाका प्रतिनिधि)

ङ)	महिला (सामाजिक) विकास शाखा प्रमुख वा लैससास सम्पर्क व्यक्ति	सदस्य सचिव

## ४.३ वडास्तरीय अनुगमन तथा मूल्यांकन उपसमिति

पालिकाको प्रत्येक वडास्तरमा देहायबमोजिमका उपसमिति गठन गर्न सक्नेछ । सो उपसमितिमार्फत लैससाससम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदायस्तरमा कार्यान्वयनको सुनिश्चितता गर्नेछ

| | |
|---|---|
| क) महिला वडा सदस्य | संयोजक |
| ख) वडा सदस्यहरु (दलित महिला सदस्य १) | सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |
| घ) वडामा क्रियाशील महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको अधिकारको क्षेत्रमा कार्यरत संस्थाको प्रतिनिधि | २ जना |

## ४.४ अनुगमन तथा मूल्यांकन समितिका भूमिका

अनुगमन तथा मूल्यांकन समितिको भूमिकासहित छुट्टै लैससासमैत्री अनुगमन तथा मूल्यांकन निर्देशिका बनाई लागु गर्नेछ । निर्देशिका वनाउँदा देहायका विषयमा ध्यान दिनुपर्नेछ ।

१) लैससास नीतिका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन गर्न दिगो विकास लक्ष्यको लैङ्गिक समानतासम्बन्धी लक्ष्य सम्बोधन गर्नुपर्ने,

२) अनुगमनका ढाँचा निर्माण गर्दा स्थानीयस्तरमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा तयार गरिनेछ र उनीहरुको सहभागितामा लैससास कार्यान्वयन, खण्डीकृत तथ्याङ्क व्यवस्थापनसम्बन्धी विषयहरु उल्लेख गर्नुपर्ने,

३) यस नीतिको कार्यान्वयनमा सहयोगी भूमिकामा रहने निकाय तथा संघसंस्थाहरूलाई प्रशिक्षण दिइनेछ,

४) समय समयमा लैससास नीति अनुगमन तथा मूल्यांकन खाकाका बारे वडा तथा पालिकास्तरमा छलफल गरिनेछ,

५) नीतिको कार्यान्वयन र प्रभावकारिता बारे स्वतन्त्र परामर्शदाताहरूबाट मूल्याङ्कन गरी प्राप्त सुझावअनुसार सुधार गर्ने,

६) गाउँपालिका अन्तर्गत भएका समग्र प्रयासहरू बारे लैससास उत्तरदायी अनुगमन एकीकृत प्रतिवेदन तयार गर्नुपर्ने बारे सुनिश्चित गर्ने ।

## ४.५ पालिकास्तरीय लैससास शाखाको स्थापना तथा काम, कर्तव्य र अधिकार

लैससास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि पालिकास्तरमा लैससास सम्पर्क व्यक्ति सहित शाखाको स्थापना गर्ने र वडास्तरमा लैससास उपशाखाको स्थापना गरिने छ ।

## ४.६ पालिकास्तरीय लैससास शाखाको काम, कर्तव्य र अधिकार

यस शाखाको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) यस गाउँपालिकाको ऐन, कानून, नीति, आवधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजलाई लैससासको अवधारणाबाट पुनरावलोकन गर्न तथा लैससास अनुरुप बनाउन आवश्यक संशोधन तथा परिमार्जनको लागि प्राविधिक सहयोग गर्ने,

ख) यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

ग) यस गाउँपालिकाको खण्डीकृत तथ्यांकको संकलन गर्न, व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) गाउँपालिकाको कार्यक्रम तथा वजेटको लैङ्गिक लेखाजोखा तथा परीक्षण गर्न नेतृत्वदायी भूमिका निभाउने,

ङ) यस गाउँपालिकाको कार्यक्रम तथा कार्यक्रम अनुगमन तथा मूल्यांकन लैङ्गिकमैत्री वनाउन र महिला नेतृत्व विकास गर्न आवश्यक पहल तथा समन्वय गर्ने,

च) यस गाउँपालिकाको नीति नियम, योजना, कार्यक्रमहरु लैससास अनुरुप बनाउन सम्बन्धित विषय विज्ञ तथा स्थानीय गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

छ) यस गाउँपालिकाको लैससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लै.स.सा.स. क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

ज) लैससास नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

झ) लैङ्गिक उत्तरदायी वजेट योजना निर्देशिका तयार गर्ने,

ञ) पालिकाको वार्षिक नीति कार्यक्रम तथा वजेट लैससासमैत्री छ भन्ने कुरा सुनिश्चित गर्ने,

## ४.७ लैससास नीति कार्यान्वयन वडास्तरीय उपशाखा समितिको काम, कर्तब्य र अधिकार

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यस गाउँपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु तथा सबै प्रकारका नीति नियम तथा योजनाहरु स्थानीय तहका समुदाय र नागरिक समाजसँग छलफल गरी लैससाससम्बन्धी विषयवस्तुहरुको समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

ख) यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ग) वडा तहको खण्डीकृत तथ्यांकको संकलन गर्न र समयानुकूल अद्यावधिक गर्न स्थानीय तहबाट आवश्यक सहयोग गर्ने,

घ) गाउँपालिकाको कार्यक्रमहरुमा वडास्तरबाट आवश्यकतानुसार सूचना सम्प्रेषण गर्ने र कार्यक्रममा समानुपातिक सहभागिताका लागि सहजीकरण गर्ने,

ङ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन तथा मूल्यांकन गर्ने गराउने र लैससास लेखाजोखा गर्न सहयोग गर्ने ।

च) पालिकाबाट सञ्चालन गर्ने महिला नेतृत्व विकास कार्यक्रममा उपयुक्त सहभागी छनौट तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक सहयोग तथा सहकार्य गर्ने,

त) यी माथि उल्लिखित कार्यहरु गर्न गराउन अनुगमन तथा समन्वय समितिले चाहेको बेलामा आवश्यकतानुसार सहयोग तथा सहकार्य गर्ने,

## ४.८ शाखा तथा समितिको वैठक

पालिकास्तरीय लैससास नीति कार्यान्वयन शाखाको वैठक प्रत्येक त्रैमासिक रुपमा बस्नेछ र वडास्तरीय सहसमितिको वैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ । आवश्यकतानुसार समितिको बैठक जुनसुकै वेला पनि बस्न सक्नेछ ।

## ४.९ समन्वय, सहकार्य तथा सम्प्रेशण

यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि पालिकास्तरीय लैससास नीति अनुगमन तथा समन्वय समितिले देहायअनुसार संघीय, प्रादेशिक सरकारका विभिन्न निकाय र गैरसरकारी संघसस्था र निजीक्षेत्रसँग आवश्यकतानुसार सहकार्य तथा समन्वय गर्न सक्नेछ ।

- यस पालिकाबाट सञ्चालन गर्ने तथा सहकार्यमा सञ्चालन गर्ने कार्यक्रमहरुमा प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय समन्वय तथा सहकार्य मापदण्ड तयार गर्ने,
- प्रजनन स्वास्थ्य अधिकार तथा सेवालाई चुस्तदुरुस्त उपलब्ध गराउन आवश्यक सहयोग तथा सरोकारवाला संस्था (SBA, OCMC, SAS, FPAN, CMC आदि) सँग समन्वय, सहकार्य तथा सम्प्रेषण गर्न निर्देशिका तयार गर्ने,
- महिला विरुद्धका लैङ्गिक हिंसा नियन्त्रण, पीडितलाई कानूनी संरक्षण र सहायता तथा मनोसामाजिक परामर्शको प्रभावकारी व्यवस्था गर्न स्थानीय संस्था, प्रहरी, OCMC, CMC, निजी क्षेत्रसँग समन्वय, सहकार्य तथा सम्प्रेशण गर्ने,
- लैङ्गिक हिंसा प्रभावित महिला, बालबालिका तथा अपाङ्गता भएको व्यक्तिहरुको लागि न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सम्प्रेषणको व्यवस्था गर्ने

## परिच्छेद- ५

# नीतिको कार्यान्वयन, पुनरावलोकन तथा सुधार

### ५.१ नीतिको कार्यान्वयन :

गाउँपालिकाबाट पास भएको मितिबाट यो नीति तथा कार्ययोजना लागु तथा कार्यान्वयन हुनेछ । यो नीति गाउँपालिकाबाट तर्जुमा गर्ने कानून नीति नियम तथा अन्य योजना र बजेटका साथै कार्यक्रमहरुमा लैससास मूलप्रवाहीकरणका लागि मार्गनिर्देशनको रुपमा लागु गर्नुपर्नेछ । लैससास नीति कार्यान्वयनको पालिकास्तरमा लैससास शाखा र वडामा लैससास उपशाखाको स्थापना गर्नुपर्नेछ । लैससास नीति कार्यान्वयनको लागि विस्तृत कार्ययोजना तयार गरि लागु गर्नेछ ।

### ५.२ पुनरावलोकन तथा सुधार :

यस नीति तथा कार्ययोजना आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक वर्षमा नीतिको पुनरावलोकन गर्नुपर्नेछ । यसरी पुनरावलोकन पालिकास्तरीय लैससास शाखा आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ । शाखाले आवश्यक ठानेमा जुनसुकै वेला पनि पुनरालोकन गर्न सक्नेछ । पुनरावलोकन तथा सुधार गर्दा यस नीतिको सिद्धान्त विपरित गर्न पाइने छैन ।

### ५.३ वजेट व्यवस्थापन :

यस लैससास नीति तथा नीति कार्ययोजना कार्यान्वयनका लागि वार्षिक रुपमा छुट्टै वजेटको व्यवस्थान गर्नेछ । वजेटको व्यवस्थापन गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा वजेटमा पर्याप्त रुपमा समावेश गर्नेछ । यो नीति प्रभावकारी रुपमा कार्यान्वयनमा गाउँपालिकाले आवश्यकतानुसार अन्य कानून, निर्देशिका तथा कार्यविधिहरु तथा विस्तृत कार्ययोजना तर्जुमा गरी लागु गर्न सक्नेछ । नीति कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेटको व्यवस्था तथा विनियोजन गर्नु पर्दछ । गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा लैससास नीतिलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्न वजेट योजनामा रायसुझाव पेश गर्नु पर्दछ । लैससास नीति कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ५.४ मानवीय स्रोत :

यस लैससास नीति तथा कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाउँपालिकास्तरीय लैससास कार्यान्वयन शाखा गर्नेछ । यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समितिलगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । गाउँपालिकाले नीति कार्यान्वयनको लागि आवश्यकताअनुसार जनशक्तिको विकास गरी जिम्मेवार बनाउने छ । लैससास नीतिको दैनिक कार्यान्वयनको लागि पालिकास्तरीय लैससास शाखाको स्थापना गरी सोअनुसार कर्मचारको व्यवस्था गर्नेछ ।

### ५.५ खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित व्यवस्थाहरु प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म खारेज हुनेछ ।

परिच्छेद- ५

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८१/८२ - २०८५/८६**

लैससास नीति, २०८१ लाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी लैङ्गिक समानता तथा समावेशीमूलक रणनीतिलाई प्रभावकारी कार्यान्वयन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्न विस्तृत कार्यायोजना आवश्यक भएको हुनाले "**अग्नीसाइर कृष्णासवरण गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको लागि पाँच वर्षे बिस्तृत कार्ययोजना** तर्जुमा गरी आज मिति ............मा जारी गरेको छ

६.१ उद्देश्य :

लैङ्गिक उत्तरदायी गाउँपालिकाको विकास गर्न लैससास नीति २०८० को प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने

६.२ **औचित्यता** : लैससास रणनीति कार्यान्वयनको पाँच वर्षे बिस्तृत कार्ययोजनाको औचित्यता देहायअनुसार रहेको छ

क) नीतिको प्रभावकारी, व्यवस्थित, निरन्तर तथा योजनावद्ध रुपमा कार्यान्वयन गर्नुका साथै कार्यान्वयनमा एकरुपता कायम गर्न

ख) लैससास नीतिले लैससास कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिँदै लैससास उत्तरदायी बजेट तथा योजना विस्तारित गर्न,

ग) कार्यान्वयन प्रक्रिया बढी सहभागितामूलक बनाउन, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन, सेवा प्रवाहलाई लैङ्गिक, समावेशी र बिपन्न एवं लक्षित वर्गप्रति बढी जवाफदेही बनाउन

घ) कार्यक्रम विषयान्तर हुनबाट बचाउन र लक्षित वर्ग तथा समुदायको आवश्यकता अनुरुप सही समयमा सही कार्यक्रम सही विधिवाट सञ्चालन गर्न मार्गदर्शनको रुपमा प्रयोग गर्न

ङ) सेवा तथा उत्पादनमूलक कार्यमा लैङ्गिक मूलप्रवाहीकरण गर्न विभिन्न सकारात्मक उपायका व्यवस्था गर्न र क्रियाकलापमा दोहोरोपन हुन बाट बचाउन

कार्यक्रमअनुसार वजेट विनियोजन गर्न सहजीकरण गर्न

च) कार्यक्रमको प्रगति अनुगमन तथा विश्लेषण गर्न र स्रोत साधनको सही सदुपयोग गर्न

६.३ **कार्ययोजना तयारी विधि तथा प्रक्रिया** : यो लैससास नीति २०८१ को कार्यान्वयनको लागि विस्तृत कार्ययोजना तयार गर्ने क्रममा यस गाउँपालिकाको पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकायहरुको सल्लाह सुझावअनुसार सहभागितामूलक विधि अपनाई देहायका प्रक्रियाद्वारा सूचना तथा जानकारी संकलन गर्ने काम गरेको थियो ।

**कानूनी दस्तावेज तथा प्रतिवेदनहरुको अध्ययन विश्लेषण** : कार्ययोजना तयार गर्नु भन्दा अगाडि मानब अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट निर्मित विभिन्न नीति नियम तथा कार्यक्रमहरुका साथै स्थानीय सरकारबाट निर्मित नीति नियम र

वार्षिक कार्यक्रमहरुको प्रतिवेदन, वार्षिक नीति कार्यक्रम तथा बजेटको अध्ययन गरी लैससासको अवधारणाबाट विश्लेषण गरेको थियो ।

**पूर्व परामर्श वैठकः** नीति नियम तथा कार्यक्रमको प्रतिवेदन अध्ययनको आधारमा केन्द्रित भई प्रश्नावलीहरु तयार गरी प्रत्येक पालिकाका जनप्रतिनिधिहरु, कर्मचारीका साथै पालिकामा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधि, शिक्षकलगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पूर्व परामर्श वैठक बसेको थियो । उक्त परामर्श वैठकमा पालिकमा विद्यमान लैसासास सम्बन्धी समस्या, सम्बोधन गर्नुपर्ने विषयवस्तु, चुनौती तथा अवसरको बारेमा छलफल भएको थियो। लैससास नीति कार्यान्वयन विस्तृत कार्ययोजनाको महत्व, उद्देश्य तथा समावेश गर्नुपर्ने क्रियाकलापहरुको बारेमा विस्तृत रुपमा छलफल गरी कार्ययोजना कस्तो हुनुपर्छ भन्ने बारेमा धारणा तथा सुझावसमेत संकलन गरेको थियो ।

**विस्तृत कार्ययोजनाको मस्यौदा तयारीः** कानूनी दस्तावेजहरुको अध्ययन र पूर्व परामर्श वैठकका साथै प्रमुख प्रशासकीय अधिकृत तथा लैङ्गिक सम्पर्क व्यक्ति र अन्य सरोकारवालाहरुसँग गरिएको छलफलबाट आएको सुझावको आधारमा मस्यौदा कार्ययोजना तयार गरी गाउँपालिकाको पदाधिकारी तथा सरोकारवालाहरुको अध्ययनको लागि उपलब्ध गराएको थियो ।

**मस्यौदा कार्ययोजनाको प्रस्तुति, छलफल र पृष्ठपोषण संकलन** : मस्यौदा कार्ययोजनाको तयारी पश्चात पुनः कार्ययोजना प्रस्तुतिको लागि परामर्श गोष्ठीको आयोजना गरेको थियो । मस्यौदा कार्ययोजनाको तयारी गर्ने परामर्शदाताहरुबाट कार्ययोजना विस्तृत रुपमा प्रस्तुत गरे पश्चात सहभागीहरुबिच व्यापक रुपमा छलफल भई थप सुधार तथा परिमार्जन गर्नुपर्ने विषयमा बुँदागत रुपमा सुझावहरु उपलब्ध गराएको थियो । उपलब्ध सुझावहरुलाई आवश्यकतानुसार थपघट गरी मस्यौदा कार्ययोजनालाई अन्तिम रुप दिने काम भएको थियो ।

**विस्तृत कार्ययोजना अन्तिम र पेश** : मस्यौदा कार्ययोजनामा यस गाउँपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरुसँग गरिएको परामर्श तथा छलफलबाट आएको सुझावलाई समावेश गरी यो अन्तिम विस्तृत कार्ययोजना तयार गरेको छ ।

## ६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८१/८२ - २०८५/८६

| | नीति १: अग्नीसाइर कृष्णासवरण गाउँपालिकामा लैससासनीति कार्यान्वयनका लागि आवश्यक नीति, कानून र योजनाहरु तर्जुमा तथा संशोधन गरिनेछ। | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/ सहकार्य | बजेट | | समयसीमा | प्रगति |
| | | | | | | आन्तरिक | बाह्य | | |
| १. | यस गाउँपालिका विद्यमान नीति, कानून, मापदण्ड, कार्यविधि तथा विभिन्न क्षेत्रगत योजनाहरु लैससासैत्री वनाउन आवश्यक संशोधन गर्ने, | ● पालिकाको विद्यमान नीति, नियम, मापदण्ड, योजनाहरु लैससासको दुष्टिकोणबाट पुरावलोकन गरी आवश्यकतानुसार परिमार्जन, संशोधन गर्ने | महिला तथा लक्षित वर्ग विपद प्रभावित महिला | गाउँपालिका | कानून तथा लैससास विज्ञ | √ | | ६ महिन भित्र | विद्यमान कानूनहरु लैससासमैत्री भएको |
| | | ● पालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट लैससास जवाफदेही वनाउने, | लक्षित वर्ग | गाउँपालिका | | √ | | प्रत्येक वर्ष | वार्षिक नीति कार्यक्रम तथा बजेट लैससासमैत्री भएको |
| | **लैङ्गिक हिंसा उन्मूलन तथा लैससास नीतिगत तथा कार्ययोजनाहरु निर्माण गर्ने** | ● बालविवाह उन्मूलन रणनीति तर्जुमा गर्ने | बालबालिका /अभिवावक | गाउँपालिका | | √ | √ | एक वर्षभित्र | बालविवाह उन्मूलन रणनीति तर्जुमा भएको |
| | | ● महिला तथा किशोरीहरु विरुद्ध हुने लैङ्गिकतामा आधारित हिंसा (घरेलु हिंसा, दहेजको कारणले हुने हिंसा, हानिकारक सामाजिक अभ्यासका कारण हुने हिंसा, प्रजनन स्वास्थ्यसँग सम्बन्धित हिंसा आदि) उन्मूलनका लागि **"समृद्ध गाउँपालिका लैङ्गिक हिंसा शून्य सहनशीलता"** को नारा सहित पाँच वर्षे कार्ययोजना वनाई लागु गर्ने | महिला तथा किशोरीहरु | गाउँपालिका | दातृ संस्था (UN Women) | √ | √ | ६ महिना भित्र | **लैङ्गिक हिंसा विरुद्धको** पाँच वर्षे कार्ययोजना वनाई लागु भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ● कार्यस्थल मा हुने यौन दुर्व्यवहार नियन्त्रणका लागि आचार संहिता लागु गर्ने<br><br>यस पालिकाक्षेत्र भित्र रहेका विद्यालय, प्रहरी, गैरसरकारी संस्था तथा अन्य निजीक्षेत्रहरुलाई पनि आचार संहिता बनाई कार्यान्वयन गर्न गराउन पहल गर्ने | पालिका कर्मचारी, जनप्रतिनिधि<br><br>विद्यार्थी<br>शिक्षक<br>कर्मचारी | | | √ | | | आचार संहिता वनाई लागु गरेको |
| | | ● पालिका स्तरमा परिवारमा कोहि नभएका महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुका लागि **एकीकृत स्याहार नीति तथा रणनीति** निर्माण गरी कार्यान्वयन गर्ने | महिला | गाउँपालिका | विज्ञ | √ | | | एकीकृत स्याहार नीति जारी भएको |
| | | ● बालमैत्री शुसासन पद्धतिको विकासका बालमैत्री शुसासन कार्यविधि तर्जुमा गरी लागु गर्ने | बालबालिका | गाउँपालिका | UNICEF<br>UNWOMEN | √ | √ | | बालमैत्री शुसासन कार्यविधि तर्जुमा भएको |
| | | महिला केन्द्रीत लगानी प्रवर्द्धनका लागि सार्वजनिक तथा निजी साझेदारीतासम्बन्धी कार्यविधि निर्माण गर्ने | महिला | गाउँपालिका | सार्वजनिक तथा निजी साझेदारीता | √ | | एक वर्ष भित्र निरन्तर | कार्यविधि तर्जुमा तथा कार्यान्वयन |
| | | ● लैङ्गिक हिंसा निवारण कोष सञ्चालन निर्देशिका जारी गर्ने | बालबालिका | | | √ | | | निर्देशिका जारी भएको |
| | | ● पालिकाबाट निर्मित कानून तथा सञ्चालित कार्यक्रमहरुको लैससास परीक्षण गर्न लैससास परीक्षण निर्देशिका वनाउने | पालिका | | UNFPA | √ | √ | | लैससास परीक्षण निर्देशिका तयार भई लागु गरेको |
| | | कर्मचारी भर्नामा लैससासको अवधारणा अनुरुप सकारात्मक विभेदका लागि कानूनी मापदण्ड निर्माण गर्ने | लक्षित वर्ग तथा कर्माचारी | गाउँपालिका | | √ | | | कानूनी मापदण्ड निर्माण भएको |
| | | ● स्थानीय संघसंस्था तथा नागरिक समाजसँग समन्वय तथा सहकार्य नीति तयार गर्ने | | | UNICEF | √ | √ | | समन्वय तथा सहकार्य नीति जारी भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ● अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई (महिला तथा पछाडि पारीएको वर्ग) सामाजिक सुरक्षाको दायरामा ल्याउन स्थानीय सामाजिक सुरक्षा नीति जारी गर्ने | अनौपचारिक क्षेत्रका श्रमिकहरुल (महिला तथा पछाडी पारीएको वर्ग) | गाउँपालिका | ILO महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय संघ | √ | √ | | स्थानीय सामाजिक सुरक्षा नीति जारी भएको |
| ३. | लैससासमैत्री भौतिक संरचना निर्माण गर्न कानून, निर्देशिका तथा मापदण्डहरु तयार गरी लागु गर्ने । | ● गाउँपालिकाको भौतिक संरचनाहरु लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा जेष्ठ नागरिकमैत्री वनाउनका लागि भौतिक संरचना मापदण्ड निर्माण गरी लागु गर्ने, | लक्षित वर्ग | गाउँपालिका | | √ | | दुई वर्षभित्र | भौतिक संरचना मापदण्ड जारी भएको |
| | | ● गाउँपालिकाबाट निर्मित संरचना तथा अन्य सेवा प्रदायक सरकारी तथा गैरसरकारी संस्था ( प्रहरी कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, सेवा गृह, OCMC, विद्यालय, बैंक) अपाङ्गता तथा लैङ्गिकमैत्री बनाउन छलफल तथा सहकार्य गर्ने | लक्षित वर्ग | गाउँपालिका | प्रहरी कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, सेवा गृह, OCMC, विद्यालय, बैंक आदि | √ | | १ वर्षभित्र निरन्तर | सेवाप्रदायक संस्थाहरु लक्षितवर्गमैत्री भएको |
| | | ● गाउँपालिका कार्यालय तथा सार्वजनिक स्थान तथा कार्यालयहरुमा महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको लागि शौचालयको व्यवस्था गर्ने | महिला, जेष्ठ नागरिक तथा लैङ्गिक अल्पसंख्यक | गाउँपालिका | CMC | √ | | २वर्ष भित्र | शौचालयको निर्माण भएको |
| | | गाउँपालिका कार्यालयमा स्तनपान कक्ष, तथा गर्भवती आराम कक्षको व्यवस्था गर्ने, | गर्भवती तथा स्तनपान गराइने महिला र बालबालिका | गाउँपालिका | UNFICF OCMC | √ | | ६ महिना व भित्र | स्तनपान कक्ष तथा गर्भवती आराम कक्षको व्यवस्था भएको |
| | | ● गाउँपालिकाको स्तरमा शिशु स्याहार सेवाहरू/ प्रारम्भिक बाल विकास (ECDs एवं बहुउद्देश्यीय वृद्ध स्याहार हबहरू स्थापना/विस्तार गर्ने | बालबालिका तथा जेष्ठ नागरिक | गाउँपालिका | UNFICF स्थानीय स्वास्थ्य चौकी | √ | √ | १ वर्षभित्र | शिशु स्याहार हबहरु तयार भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | गाउँपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैससास अवधारणाअनुरुप गुणस्तरीयता कायम गर्न आवश्यक नीति नियम वनाइ लागु गर्ने, | ● लैससास नीति,कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्न अनुगमन तथा मूल्याङ्कन खाका तयार गरी कार्यान्वयन गर्ने, | लक्षित वर्ग | गाउँपालिका | | √ | | | अनुगमन तथा मूल्याङ्कन खाका तयार भएको |
| | | ● पालिका, अन्य गैरसकारी, निजी कार्यालय तथा दातृ निकायहरुबाट सञ्चालित कार्यक्रमहरुको लैससास एकीकृत तथा मूलप्रवाहीकरण गर्ने र गराउनका लागि<br>लैससास एकीकृत तथा मूलप्रवाहीकरण कार्यविधि जारी गर्ने | लक्षित वर्ग | गाउँपालिका | | √ | | ६ महिनाभित्र<br>निरन्तर | लैससास एकीकृत तथा मूलप्रवाहीकरण कार्यविधि जारी भएको |
| | | जेष्ठ नागरिक तथा एकल महिलाहरु लाई देहायअनुसारको सामाजिक सुरक्षाका व्यवस्थाहरु सहज उपलब्धताको लागि स्थानीय सहजीकरण कार्यविधि तर्जुमा गर्ने<br>● सामाजिक सुरक्षा तथा भत्ता,<br>● स्वास्थ्य सेवा तथा उपचार,<br>● आवास तथा आश्रय व्यवस्था,<br>● हिंसा तथा दुर्व्यवहारबाट सुरक्षा तथा संरक्षण र<br>● यातायात सेवामा छुट<br>● मनोसामजिक परामर्श तथा सहयोग | एकल महिला तथा जेष्ठ नागरिक | गाउँपालिका | प्रदेश सरकार<br>समावेशी आयोग<br>यस क्षेत्रमा कार्यरत संघसंस्था | √ | | ६ महिना भित्र<br>निरन्तर | एकल महिला तथा जेष्ठ नगारिक स्थानीय सहजीकरण कार्यविधि तर्जुमा भएको |
| | | ● लैङ्गिकमैत्री विपद सम्बोधन तथा व्यवस्थापन कार्यनीति तर्जुमा गर्ने<br>● विपद् संवेदनशील एवं समावेशीमूलक सामाजिक सुरक्षासम्बन्धी स्थानीय तहको क्षमता विकास गर्ने | विपद प्रभावित व्यक्ति | गाउँपालिका | | √ | | | लैङ्गिकमैत्री विपद सम्बोधन तथा व्यवस्थापन कार्यनीति जारी भएको |
| ५. | महिला तथा लक्षित वर्गहरुको, स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि नीतिगत तथा कार्यगत प्रयासहरु | ● स्वास्थ्य संस्थामा प्रसूति सेवाको पहुँच वृद्धि, सुरक्षित गर्भपतन सेवा तथा पाठेघर खस्ने समस्यासम्बन्धी प्रजनन स्वास्थ्य सेवा समुदायगत रुपमा सहज पहुँच वृद्धि गर्न प्रजनन स्वास्थ्य सेवा स्थानीय कार्यविधि | **महिला**<br>किशोरकिशोरी,<br>शिक्षक र परिवार<br>समुदाय<br>आमा समूह<br>महिला स्वास्थ्य | गाउँपालिका | UNFPA<br>स्थानीय आमा समूह<br>समुदाय<br>प्रजनन स्वास्थ्य अधिकारको | √ | | एक वर्ष भित्र<br>निरन्तर | ●प्रजनन स्वास्थ्य सेवा स्थानीय कार्यविधि तर्जुमा भएको हुने<br>●स्थानीय स्वास्थ्य संस्थाहरुमा सम्पूर्ण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने | बनाई लागु गर्ने,<br>● गर्भनिरोधक साधनको छनौटको अधिकार सुनिश्चितता गर्न मागको आधारमा समुदायगत (**दलित, मुस्लिम, अपाङ्गता भएका महिला, आर्थिक विपन्न महिला**) तहमा सम्पूर्ण प्रकारको साधनको पहुँच वृद्धि गर्ने,<br>● महिनावारी भेदभाव, असुरक्षित गर्भपतन तथा गर्भनिरोधक साधनको प्रयोगसँग सम्बन्धित लाञ्छना विरुद्ध महिला स्वास्थ्य स्वयंसेवी, किशोरकिशोरी, शिक्षक तथा परिवारसँग सम्वाद कार्यक्रम सञ्चालन गर्ने,<br>● सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को बारेमा महिला स्वास्थ्य स्वयंसेवी तथा समुदाय तहमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | स्वयंसेवी, | | क्षेत्रमा काम गर्ने गैसस | | | | प्रकारका गर्भनिरोधका साधन सेवा प्राप्तिभएको हुने<br>● स्वास्थ्य संस्थामा सेवाग्राहीको<br>● संख्या बढेको हुने<br>● कानून अधिकारको बारेमा सचेतना भएको हुने |

**नीति २: लैससास सम्बन्धी नीतिगत तथा कार्यगत रुपमा सम्बोधन गर्न संस्थागत संरचनाको स्थापना गर्ने**

| क.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/ सहकार्य | बजेट | | समयसीमा | प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | बाह्य | | |
| १. | पालिका तथा वडास्तरीय लैससास सम्बोधन संरचना वनाउने | ● गाउँपालिकामा लैससास सम्पर्क व्यक्ति (GESI Focal Person) सहितको **लैससास शाखा स्थापना** गर्ने, | महिला तथा लक्षित वर्ग | गाउँपालिका | | √ | | दुई महिनादेखि ६ महिना भित्र | **लैससास शाखा तथा उपशाखाको स्थापना** |
| | | ● लैससास नीति तथा कार्ययोजना अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने, | लक्षित वर्ग | गाउँपालिका | | √ | | दुई महिना देखि ६ महिना भित्र | अनुगमन तथा मूल्याङ्कन समिति गठन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ●वडास्तरीय अपाङ्गता अधिकार समिति गठन र परिचालन गर्ने, | अपाङ्गता भएका व्यक्ति | गाउँपालिका वडा कार्यालय | अपाङ्गता अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरु | √ | | दुई महिनादेखि ६ महिना भित्र | समावेशिमा आधारित वडास्तरीय अपाङ्गता अधिकार समिति गठन भएको हुने |
| | | ● पालिका तथा पालिका क्षेत्रभित्रका कार्यस्थलमा स्तनपान कक्ष, शिशुस्याहार कक्ष, गर्भवती आराम कक्षको व्यवस्था गर्ने र गराउन पहल गर्ने, | महिला<br>अपाङ्गता भएका व्यक्ति<br>लक्षित समुदाय | गाउँपालिका<br>**लैससास शाखा** | स्थानीय संघसंस्था<br>गैसस<br>दातृसंस्था | √ | | | संस्थागत संरचना निर्माण भई प्रयोगमा आएको |
| | | ● सार्वजनिक स्थान तथा कार्यालयहरुमा महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री शौचालयको व्यवस्था गर्ने । | लक्षित वर्ग | गाउँपालिका | | | √ | | शौचालयहरु निर्माण भएको |
| २. | लैङ्गिक हिंसा उन्मूलनको लागि पालिका, वडा तथा समुदायगत संरचनाहरु निर्माण गर्ने | ●पालिकास्तरमा लैससास शाखाबाट सम्बोधन गर्ने र हरेक वडामा एक वडा सदस्यको अगुवाइमा वडा **लैङ्गिक हिंसा उन्मूलन समिति** र समुदायमा **महिला हिंसा प्रतिकार समूह निर्माण** गर्ने, | जोखिम तथा हिंसा प्रभावित महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक | गाउँपालिका<br>वडा कार्यालय<br>**लैससास शाखा** | प्रदेश सरकार<br>महिला अधिकारको क्षेत्रमा कार्यरत गैसस | √ | √ | ६ महिनाभित्र | लैङ्गिक हिंसा उन्मूलन सञ्जाल समिति, समूह तथा विभिन्न संगठनहरु गठन भएको हुने<br>हिंसा प्रभावित महिलाहरुले सेवा तथा सहयोग पाई उजुरीको संख्या वढेको हुने । |
| | | ●किशोर किशोरीहरुलाई जाँडरक्सी सेवन, लागु औषध दुर्व्यसन तथा अन्य खराब आचरणबाट मुक्त गराई उत्कृष्ट तथा उर्जाशील नागरिकको रुपमा रुपान्तरण गर्न शिक्षकको अनुवाइमा हरेक वडामा **उर्जाशील किशोर किशोरी समूह गठन** गरी परिचालन गर्ने । | किशोर किशोरी | गाउँपालिका<br>प्रदेश सरकार सामाजिक विकास मन्त्रालय<br>**लैससास शाखा** | किशोर किशोरीको क्षेत्रमा कार्यरत गैसस | √ | | ६ महिनाभित्र सुरु गर्ने र निरन्तरता | किशोरकिशोरी समूह गठन भई परिचालन भएको |
| | | ●हिंसा प्रभावित तथा उनमा आश्रित बालबालिकाको लागि अल्पकालीन तथा दीर्घकालीन सेवा गृहको व्यवस्थाको लागि पहल गर्ने | लैङ्गिक हिंसा पीडित बालबालिका | गाउँपालिका | यूनिसेफ,<br>प्रदेश सरकार | √ | √ | २ वर्ष भित्र | सेवा गृहस्थापना तथा सेवा प्रवाह भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ● लैङ्गिक हिंसा, भेदभाव र शोषण सम्बोधनका लागि गुनासो व्यवस्थापन कक्ष स्थापना र सञ्चालन गर्ने | हिंसा प्रभावित महिला | गाउँपालिका लैससास महाशाखा | | √ | | ६ महिना भित्र निरन्तर | गुनासो व्यवस्थापन कक्ष स्थापना भएको |
| | | गुनासो सुनुवाइमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र जातीय भेदभावबाट प्रभावित दलित समुदायको गुनासोलाई प्राथमिकतामा राखी सम्बोधन गर्ने । | प्रभावित महिला तथा अन्य लक्षित वर्ग | | गैसस संघिय सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | √ | √ | दुई महिना भित्र | गुनासो कक्षमा लक्षित समुदायको पहुँच वृद्धि भएको |
| ३. | लैङ्गिकमैत्री विपद् व्यवस्थापन तथा सम्बोधन समिति वनाउने | ● प्राकृतिक तथा कृत्रिम विपद् पूर्व, अवधि र पश्चात् महिलाहरुलाई पर्ने असर सम्बन्धमा सावधानी तथा सम्बोधन गर्नका लागि पालिका स्तरमा **विपद् सावधानी महिला समिति** गठन गर्ने | विपद् जोखिम तथा विपद् पीडित महिला | गाउँपालिका | CDO स्थानीय संस्था, पुलिस, उपभोक्ता समिति तथा विद्यालय | √ | √ | | **विपद् सावधानी महिला समिति** गठन भएको |
| | | बिपद संवेदनशीलता एवं समाबेशि सामाजिक सुरक्षा कार्यबिधि तयार गर्ने र यस वारे स्थानिय सरकार तथा सम्वन्धित सरोकारवालाको क्षमताका विकास गर्ने । | | | | √ | | | कार्यबिधि तयार भएको |
| ४. | महिला तथा लक्षितवर्गहरुको आर्थिक सशक्तिकरणका लागि पालिकास्तरीय सञ्जाल निर्माण गर्ने | ● लक्षित वर्ग तथा वञ्चितीकरणमा परेका समुदायको आर्थिक उन्नतिका लागि उनीहरुकै नेतृत्वमा पालिकास्तरीय **"पालिका आर्थिक सुधार सञ्जाल"** निर्माण गरी परिचालन गरिने | महिला तथा लक्षित वर्ग | गाउँपालिका | ILO गै.स.स. | √ | √ | ६ महिना निरन्तर | पालिकास्तरीय आर्थिक सुधार सञ्जाल गठन भएको |
| | | ● समुदायमा **महिला आर्थिक सशक्तिकरण समूह** गठन गर्ने । | महिला तथा लक्षित वर्ग | गाउँपालिका वडा कार्यालय | | √ | | ६ महिना निरन्तर | **महिला आर्थिक सशक्तिकरण समूह** गठन भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | यस गाउँपालिकामा लैससास सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने । | ● पालिकाबाट उपलब्ध गराइने स्रोत साधन र सेवामा वञ्चितीकरणमा परेका वा वञ्चितीकरणको जोखिममा रहेका वर्गको पहुँच हुने गरी (स्थानीय भाषामा) एकद्वार सूचना शाखाको स्थापना गर्ने | महिला तथा लक्षित वर्ग | गाउँपालिका | | √ | | ६ महिना निरन्तर | एकद्वार सूचना शाखाको स्थापना |
| | | ● गाउँपालिका तथा वडा कार्यालयमा सहायता कक्षको स्थापना गर्ने । | महिला तथा समुदाय | वडा कार्यालय | | √ | | ३ महिना निरन्तर | सहायता कक्षको स्थापना भएको |
| | | **बाल संरक्षण तथा बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको** स्थापना र सञ्चालन गर्ने । | बालबालिका | गाउँपालिका | | √ | | ६ महिना निरन्तर | **बाल संरक्षण तथा बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको** स्थापना भएको |
| | | ● लैङ्गिक खण्डीकृत तथ्यांकहरुको संकलन, व्यवस्थाप तथा जानकारीसम्बन्धी सुचना प्रणालीको व्यवस्था गर्ने | समुदाय | गाउँपालिका | UN WOMEN | √ | | ६ महिना निरन्तर | सुचना प्रणालीको व्यवस्था भएको |
| | | ● बाल संरक्षण तथा अधिकार सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्ने र सो बारेमा समुदायमा जानकारी दिने | समुदाय | गाउँपालिका | UNICEF | √ | √ | ६ महिना निरन्तर | सूचना प्रणालीको स्थापना भएको |
| ६. | बालअधिकार तथा संरक्षणका लागि नीति निर्माण तथा पालिका, वडा तथा समुदायगत संरचनाहरु निर्माण गर्ने | ● समावेशीमा आधारित (विद्यालय जाने, नजाने, छोडेका, पीडित तथा असहाय बालिका, दलित, मुस्लिम, विपद् पीडित जनजाति) **बाल अधिकार समूह गठन गर्ने** र परिचालन गर्ने<br>● बालबालिकाको स्थिति अध्ययन गरी प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने<br>(अध्ययन गर्दा विपद तथा संक्रमण जोखिममा परेका बालबालिका तथा परिवारको पहिचान र आवश्यकतासम्बन्धी जानकारी पनि संकलन गर्ने) | बालबालिका<br><br>जोखिम प्रभावित बालबालिका | गाउँपालिका<br>वडा कार्यालय | UNICEF<br>बालबालिकाको क्षेत्रमा कार्यरत प्रदेश तथा स्थानीय संघसंस्था | √ | √ | ६ महिना निरन्तर | बालअधिकार समूह गठन भएको<br>अध्ययन प्रतिवेदन |
| | | ● बाल अधिकार समिति तथा समूह सञ्चालन तथा व्यवस्थापन कार्यविधि तथा निर्देशिका निर्माण गरी सो बारेमा बालबालिका, पालिका पढाधिकारी तथा अविभावकहरुलाई सचेतना जगाउने | | | | √ | | | कार्यविधि जारी भएको |
| | | पालिकादेखि वडा स्तरसम्म बालमैत्री स्थानीय शासस सम्पर्क व्यक्ति तोक्ने | | | | √ | | ३ महिना भित्र निरन्तर | बालमैत्री स्थानीय शासस सम्पर्क भएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रारम्भिक बाल विकास (ECDs) एवं बहुउद्देश्यीय वृद्ध स्याहार हबहरू स्थापना/विस्तार गर्ने, | | | UNICEF बालबालिकाको क्षेत्रमा कार्यरत प्रदेश तथा स्थानीय संघसंस्था | √ | √ | १ वर्ष भित्र | हबहरू स्थापना/विस्तार भएको |
| | | बाल हेल्पलाइन र अस्थाई आश्रय स्थलको स्थापना तथा सञ्चालन गर्ने | | | | √ | | ६ महिना भित्र | बाल हेल्पलाइन र अस्थाई आश्रय स्थलको स्थापना |
| | | ● बालकोषको स्थापना तथा सञ्चालन कार्यविधि तर्जुमा गर्ने<br>● बाल अधिकार संरक्षण तथा प्रवर्धन एकीकृत कार्यविधि निर्माण वा संसोधन तथा व्यवस्थापन गर्ने । | | | | √ | | | बालकोषको स्थापना भएको सञ्चालन कार्यविधि जारी भएको<br>एकीकृत कार्यविधि निर्माण |
| | | **बाल अधिकार समूह तथा क्लबका प्रतिनिधिरुलाईसँग** पालिकाको नीति, कार्यक्रम तथा बजेटमा सुझाव संकलन गर्ने । | बालबालिका | गाउँपालिका वडा कार्यालय | | √ | | प्रत्येक वर्ष | **बालबालिकाका सवाल तथा** सुझाव संकलित । |
| | | **बाल कल्याण अधिकारीको** व्यवस्था गरी हिंसा, शोषण तथा भेदभावबाट प्रभावित बालबालिकालाई आवश्यक सेवा उपलब्ध गराउने । | हिंसा, शोषण तथा भेदभावबाट प्रभावित बालबालिका | गाउँपालिका | | √ | | ६ महिना भित्र निरन्तर | बालबालिकालाई आवश्यक सेवा उपलब्ध भएको । |
| | | जोखिममा परेका बालबालिका तथा परिवारको पहिचान गरी आवश्यकतामा आधारित सहयोग (शिक्षा, स्वास्थ्य, सिप तथा व्यवसाय प्रवर्धन) । | जोखिममा परेका बालबालिका तथा परिवार | गाउँपालिका | युनिसेफ,<br>सिमान्तकृत बालबालिका तथा समुदायको लागि काम गर्ने गैसस | | | निरन्तर | जोखिममा परेका बालबालिका तथा परिवारलाई सहयोग उपलब्ध । |
| | | **बालअधिकार समितिहरुमा लै**ङ्गिक समानता तथा समावेशीता सम्बन्धी क्षमता अभिवृद्धि गर्ने । | दलित, मुस्लिम तथा अपाङ्गता भएका बालबालिका | गाउँपालिका<br>वडा कार्यालय | UNICEF बालि अधिकारको क्षेत्रमा काम गर्ने स्थानीय संस्थाहरु | √ | √ | निरन्तर | **लै**ङ्गिक समानता तथा समावेशी विषयमा सचेत भएको र समितिहरु समावेशीमुलक भएको |
| | | बालमैत्री गाउँपालिका घोषणा गर्नका लागि कार्ययोजना निर्माण गर्ने | बालबालिका तथा समुदाय | गाउँपालिका | UNICEF | √ | √ | १ वर्ष भित्र | |

नीति ३: लक्षित वर्गको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, संवर्धन तथा सशक्तिकरण गरिनेछ।

| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/ सहकार्य | बजेट | | समयसीमा | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | बाह्य | | |
